चट्याङबाट बच्ने उपायः
- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

जनहितमा जारी सन्देश
- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल-ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ असार ०३ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 17 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८५

## वीरगंज-जीतपुरसिमरा-परवानीपुरको समन्वय बैठक

# सङ्घ र प्रदेशको भरमा स्थानीय सरकार चल्दैन

प्रस, परवानीपुर, २ असार/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले सङ्घ र प्रदेश सरकारको भरमा स्थानीय तह चलाउन नसकिने बताएका छन् ।

परवानीपुर गाउँपालिकाद्वारा वीरगंजमा आयोजित अन्तरस्थानीय तह समन्वय बैठकमा नगरप्रमुख सिंहले भने, "प्रत्येक वर्ष सङ्घ र प्रदेश सरकारको अनुदानको सिलिङ घट्दै गइरहेको छ । सशर्त अनुदानमा समेत यो नगर्नुस्, त्यो नगर्नुस् भनेर शर्त राखिएका हुन्छन् । तसर्थ ती सरकारको भर परेर बजेट निर्माण गर्दा स्थानीय तह चलाउन निकै गाह्रो भएकोले स्थानीय तहले आन्तरिक स्रोत बलियो बनाइ आत्मनिर्भर बजेट ल्याउन पहल गर्नुपर्छ ।"

स्थानीय स्तरबाट राजस्व र करको दायरा बढाउँदै विभिन्न क्षेत्र पहिचान गर्दै राजस्व सङ्कलनमा आत्मनिर्भर बन्नुपर्ने उनको सुझाव थियो । उनले त्रिभुवन राजमार्गसँग जोडिएका वीरगंज मनपा, परवानीपुर गापा र जीतपुरसिमरा उमनपामा टड्कारोरूपमा देखिएको समस्या श्रीसिया नदी प्रदूषण, कबाडी/सवारी कर असुलउपरमा अनियमितता एवं फरक दर, तीनवटै



तस्वीरः प्रतीक

पालिकामा घर/नक्शा पासको शुल्क समान नहुनुलगायतका बुँदामा तीनवटै पालिकाले छलफल अघि बढाएर कर र नीतिमा एकरूपता अपनाएर जानुपर्ने सुझाव दिए ।

जीतपुरसिमरा उमनपाका प्रमुख राजन पौडेलले घरबहाल कर पाँच प्रतिशत लिंदै आएकोमा आगामी वर्षदेखि वीरगंज र परवानीपुरसरह १० प्रतिशत लिने बताए । साथै प्रदूषण कर, मनोरञ्जन कर, सहकारी, बैंक तथा वित्तीय संस्थाहरूलाई समेत करको दायरामा ल्याउनुपर्ने उनको सुझाव थियो । घरबहाल कर सङ्कलनमा तीनवटै पालिका कडाइका साथ अगाडि बढ्नुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा परवानीपुर गापाका अध्यक्ष रामक्षत्रीप्रसाद कुर्मीले राजस्व र करमा समानरूपले जानुपर्ने तथा तीनवटै पालिकाको सीमा क्षेत्र स्पष्ट पार्दै पछि परेका ठाउँहरूलाई विकास गर्न पनि तीनवटै पालिकाबीच सहकार्य एवं समन्वय हुनुपर्ने सुझाव दिए । उनले चैनपुरचोकदेखि सुखचैना गाउँसम्म परवानीपुर गापाको क्षेत्र पर्छ, त्यसपछि मनपाको सुखचैना र पटेलनगर जाने बाटो भए तापनि महानगरले त्यसमा बजेट खर्च नगरेको बताए । त्यसैगरी, परवानीपुर, ताजपुर, कोइरिया क्षेत्र मनपा क्षेत्रमा पर्छ तर भौगोलिक हिसाबले परवानीपुरले काम गर्नुपर्ने हो भन्दै त्यहाँ पनि ध्यान दिनुपर्ने उनले औंल्याए । परवानीपुर गापा-५ बहुअरीमा लुकहीमाई मन्दिर पनि महानगरको सेवा क्षेत्रमा पर्ने भएकोले सो ठाउँको विकास गर्नुपर्ने उनले माग गरे ।

अध्यक्ष कुर्मीले तीनवटै पालिकामा राजस्वलगायत अन्य नीति नियम समान हुनुपर्ने उद्देश्यका साथ एउटा कार्यदल गठन गरिएको बताउँदै सो कार्यदलले निर्दिष्ट गरेको बुँदामा तीनवटै पालिका समन्वय गरेर जानुपर्ने बताए ।

महानगरका राजस्व महाशाखा प्रमुख मनोज कर्णको संयोजकत्वमा गठन भएको चार सदस्यीय कार्यदलमा जीतपुरसिमराका राजस्व शाखा प्रमुख रमेश सुवेदी, परवानीपुरका राजस्व शाखा प्रमुख कृष्ण यादव र परवानीपुर गापाका सूचना तथा प्रविधि शाखा प्रमुख रवि जयसवाल छन् ।

कार्यदलले चाँडै बैठक गरी राजस्वमा समान किसिमको नीति नियम बनाएर आगामी आव २०८१/८२ को नगरसभा र गाउँसभाको लागि सुझाव पेश गर्ने जनाइएको छ ।

गापा अध्यक्ष कुर्मीको अध्यक्षता एवं हरिओम साहको सहजीकरणमा भएको कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई, जीतपुरसिमरा उमनपाका उपप्रमुख भोला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत निर्मला काफ्ले, परवानीपुर गापाकी उपाध्यक्ष सुगन्धी देवीलगायतको सहभागिता थियो ।

कार्यक्रममा परवानीपुर गापाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले स्वागत एवं समन्वय बैठकबारेमा प्रकाश पारेका थिए ।

## वीरगंज महागनरले एक अर्ब ८४ करोडको बजेट ल्याउँदै

# वडाध्यक्षहरूले मागे दोब्बर बजेट

प्रस, वीरगंज, २ असार/

वीरगंज महानगरपालिकाका




वडाध्यक्षहरूले आगामी आव २०८१/८२ को बजेटमा आफ्ना तीन सूत्रीय माग सम्बोधन हुनुपर्ने अडान लिएका छन् ।

जेठ ३२ गते महानगरको बोर्ड बैठकमा उनीहरूले वडापालिकाले पाउँदै आएको बजेट दुई गुना गर्नुपर्ने, सो बजेटबापतको रकम वडामा पठाउनुपर्ने र सफाइको काम वडास्तरमा जिम्मा लगाउनुपर्ने अडान लिएका थिए ।

वडा नं १ देखि ३२ सम्मका वडाध्यक्षहरूले एकै स्वरमा यी माग उठान गरेपछि नगरप्रमुख राजेशमान सिंहले शाखा प्रमुखहरूसँग छलफल गरी वडाध्यक्षहरूका मागलाई सम्बोधन गर्ने आश्वासन दिए । सोहीअनुरूप शनिवार र आइतवार दुई दिन यसबारेमा शाखा प्रमुखहरूसँग वडाध्यक्षहरूको छलफल भएको थियो । महानगरपालिकाले आगामी आवमा एक अर्ब ८४ करोडको यथार्थ बजेट प्रस्तुत गर्ने जमर्को गरेको छ ।

महानगरको आन्तरिक आम्दानी करीब ६५ करोड रहेको र सङ्घ तथा प्रदेश सरकारबाट आउने अनुदान सहयोगहरूको सही आकलन गरेर यथार्थपरक बजेट प्रस्तुत गर्ने तयारी महानगरले गरेको छ । महानगरले यसअघि चार अर्ब बढीको बजेट विनियोजन गर्दै आएको थियो । चालू आवको असारमा तीन अर्ब २१ करोडको बजेट प्रस्तुत गरेको महानगरले सोही वर्षको पुस महीनामा संशोधन गरेर तीन अर्ब ४६ करोड अर्थात् २५ करोड रुपैयाँ बढाएको थियो । महानगरले आन्तरिक राजस्व पनि ७० करोडबाट ९५ करोड बनाएको थियो । आन्तरिक राजस्व पनि वृद्धि नभएको र सङ्घ तथा प्रदेश सरकारले अनुदान सहयोगमा कटौती गरेका कारण महानगरले यथार्थपरक बजेट ल्याउन लागेको एकजना वडाध्यक्षले बताए ।

चालू आवमा महानगरले वडा नं १ देखि ३२ सम्म २४ करोड विनियोजन गरेको थियो भने आगामी आवमा वडाध्यक्षहरूले सो रकम ४५ करोड हुनुपर्ने माग गरेका छन् । यसैगरी, वडाध्यक्षहरूले वडायोजनाका भुक्तानी महानगरपालिकाबाट हुँदै आएकामा सोको भुक्तानी वडाबाट हुनुपर्ने माग गरेका छन् । महानगरबाट भुक्तानी हुँदा वडाको भुक्तानी रोकिएको र काम सम्पन्न भएर ठेकेदारलाई भुक्तानी नपाउँदा दैनिक विवाद हुने गरेको उनीहरूको तर्क थियो ।

महानगरबाट भुक्तानी हुँदा आफ्ना ठेकेदारहरूको भुक्तानी चाँडो गर्ने र वडास्तरका योजनाहरूको भुक्तानीमा भने ढिला गर्ने गरेको वडाध्यक्षहरूको आरोप छ ।

यसैगरी, वडाध्यक्षहरूले यसअघि वडास्तरबाट खट्दै आएका पाँचजना सरसफाइ कर्मचारी र एकजना ट्याक्टरचालकको व्यवस्थापन गर्नुपर्ने माग गरेका छन् । नगरस्तरीय योजनाका

(बाँकी अन्तिम पातामा)

## कृषि वस्तु करको विरोधमा प्रदर्शन




तस्वीरः प्रतीक

प्रस, सिम्रौनगढ, २ असार/

कृषि वस्तुमाथि लगाइएको करको विरोधमा सिम्रौनगढ नगरपालिकामा किसानहरूले प्रदर्शन गरेका छन् ।

सिम्रौनगढ नगरपालिकास्थित बसपार्कबाट किसानहरूले जुलुस प्रदर्शन गरेर कृषि वस्तुमाथि लगाइएको कर खारेजीको माग गरे । उनीहरूले कृषिमन्त्री मुर्दाबाद, कृषि वस्तुमाथि लगाइएको मूल्य अभिवृद्धि कर फिर्ता गर, किसानमाथि अत्याचार गर्न पाउँदैन, कृषिप्रधान देशको मूल्य-मान्यता कायम गरलगायतका नारा लगाएका थिए ।

स्थानीय किसान दिनेश कुशवाहाको नेतृत्वमा निकालिएको जुलुस नगरपरिक्रमा गरी समापन भएको थियो ।

# खेतमैं धानको बीउ सुक्न थाल्यो

धर्मेन्द्र चौरसिया, पोखरिया, २ असार/

वर्षा नहुँदा पर्सा जिल्लाको बझियानका



किसानहरूले रोपेका धानका बीउ सुक्न थालेका छन् ।

अगहनी धानखेतीको लागि खेतमा रोपिएको बीउ अहिले तयारी हुनुपर्नेमा पानी नपर्दा खेतमैं बीउ सुक्न थालेको किसान हनिफ मियाँले बताए । उनले केही किसानहरूले दमकलबाट बीउमा पानी छरे पनि त्यो लाभदायी नभएको बताए । पाँच धुरदेखि एक कट्ठासम्म जग्गा हुने किसानहरूले अगहनी धानको बीउ रोपेका थिए ।

२० देखि २५ दिनमा बीउ तयार हुनुपर्नेमा अहिले वर्षा नहुँदा बीउहरू खेतमैं सुक्न थालेका र धानखेती कसरी गर्ने भन्ने समस्या देखिएको उनले बताए । कतिपय किसानले पम्पिङसेटको प्रयोग गरेर धानको बीउ जोगाउने प्रयास गरिरहेका छन् । तर पम्पिङसेटबाट पानी छरेर बीउ बचाउने कार्य भएपनि त्यसबाट आशाप्रद उत्पादन नहुने कालिकामाई गाउँपालिका कृषि शाखाका सहायक सुदीप चौरसिया बताउँछन् ।

उनले वर्षा नभएको अवस्थामा पम्पिङसेटबाट पानी पटाउँदा धानको बीउलाई बचाउन मात्र सकिने तर उत्पादन नबढाउने बताए । उनले वर्षाबाट हुने सिंचाइले बीउ राम्ररी हुर्किने र त्यस्तो बीउबाट धानको उत्पादन बढ्ने बताए । गए वर्ष पनि समयमा पानी नपर्दा थुप्रै



पम्पिङसेटबाट बीउमा सिंचाइ गर्दै किसान । तस्वीरः प्रतीक

किसानले लगाएका धानको बीउ खेती प्रभावित भएको थियो । कतिपय किसानहरूले दोस्रोपटक बीउ रोपेर ढिलो गरी धानखेती गरेका थिए । जसले गर्दा गत वर्ष पर्सा जिल्लाको धानखेती केही प्रभावित भएको थियो ।

# चुरे दिवसको अवसरमा वृक्षारोपण



तस्वीरः सौजन्य

प्रस, वीरगंज, २ असार/

चुरे दिवसको अवसरमा आइतवार वीरगंज महानगर-१४ मा वृक्षारोपण गरिएको छ ।

वीरगंज महानगरपालिका कार्यालय, राष्ट्रपति चुरे तराई-मधेस संरक्षण विकास समिति भरतपुर, चितवन र ग्रीनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरको संयुक्त आयोजनामा वडा नं १४ गण्डकदेखि उत्तर चार लेन सडकको डिभाइडरमा ४८ वटा बिरुवा रोपिएको छ । नगरप्रमुख राजेशमान सिंहले वृक्षारोपण गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए ।

ग्रीन सिटीका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा भएको कार्यक्रममा प्रहरी उपरीक्षक कुमोद ढुङ्गेल, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, राष्ट्रपति चुरे तराई-मधेस संरक्षण विकास समितिका प्रमुख श्यामबाबू लोप्चन, वीरगंज महानगरका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईलगायतको सहभागिता थियो ।

कार्यक्रममा ४२० वटा बिरुवा स्थानीयलाई हस्तान्तरण गरिएको ग्रीन सिटीका अध्यक्ष खेतानले बताए ।

## विचारसार र सूक्तिहरू

**नजीक छँदा जसले हालखबर पनि सोध्दैन, टाढा भएर उसले सम्झना गर्छ भनी सोच्नु मूर्खता हो ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# बेमौसमी तरकारीखेती

**पर्सा जिल्लाको जीराभवानी गाउँपालिका-३ जीतपुरमा युवा उद्यमी शेखर चौधरीले बेमौसमी कटहर तथा सजिवन खेती शुरू गरेका छन् । होटल र शैक्षिक व्यवसायमा पनि दशकदेखि सक्रिय चौधरीले पाँच वर्ष लामो अध्ययन गरेर कटहर र सजिवनको व्यावसायिक खेती शुरू गरेका हुन् । पर्सा जिल्लामा व्यावसायिक तरकारीखेती गर्ने किसानको कमी छ । बहुदरमाई नगरपालिकामा हरियो तरकारीखेती गरिन्छ। पूरा जिल्लामा बहुदरमाई नपा हरियो तरकारीखेतीमा चर्चित छ । यसअघि हाल वीरगंज महानगरपालिका-२५ श्रीसिया पनि कुनै बेला हरियो तरकारीखेतीको लागि चर्चित थियो। बारा जिल्लामा सिम्रौनगढ नगरपालिका, बलिरामपुर गाउँपालिका, कलैया उपमहानगरको बन्जरियालगायतका स्थानहरू हरियो तरकारीखेतीका लागि प्रख्यात छन्। पर्साका केही स्थानमा उत्पादित हरियो तरकारी जिल्लाका लागिपनि पर्याप्त छैनन् । यहाँ बारा, मकवानपुरमा उत्पादित हरियो तरकारीले बजार लिएको छ । केही मात्रामा सीमापारि भारतको बिहार र महाराष्ट्रबाट आलु र प्याजलगायतका तरकारी आयात हुन्छन् । तर बारामा उत्पादित हरियो तरकारी कलैया, वीरगंज, नारायणघाट, पोखरा, काठमाडौंलगायतका ठाउँहरूमा पुग्दै आएका छन् ।**

**मुलुक सङ्घीय गणतन्त्रमा गएपछि सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार बनेको छ । तीनै तहको प्राथमिकतामा कृषि क्षेत्र परेको छ । अझ स्थानीय तह किसानहरूसँग सबैभन्दा नजीकको सरकार हो। कृषि कर्ममध्ये हरियो तरकारीखेतीका लागि पालिकाहरूले बेलाबेलामा मौसमी तथा बेमौसमी तरकारीखेतीबारेमा तालीम दिने, तरकारीखेतीमा प्रख्यात देशभित्रका स्थानहरूको भ्रमण गराउने अनि सीप अनुसारको तरकारीखेती गर्न बीउबिजन, मल, कीटनाशक औषधिहरूका साथै स्प्रे, मोटर आदि सहयोग उपलब्ध गराउँदै आएका छन् । स्थानीय पालिकाहरूबाट उपलब्ध कृषि उपकरणहरूको बारा जिल्लाका किसानहरूले उपयोग गरेका देखिन्छन् तर पर्सामा त्यस्तो देखिन सकेको छैन । पर्सामा बहुदरमाई नपाबाहेक हरियो तरकारी गर्ने पालिकाहरूको खोजी गर्नुपर्छ। तर हरियो तरकारीखेतीको नाममा तालीम, भ्रमण, उपकरणहरूको सुविधा भने सबै पालिकाका किसानहरूले लिएका देखिन्छन्। वितरण अनुसारको प्रतिफल नदेखिनुको एउटै कारण हो, दुरुपयोग । अब यो दुरुपयोग कर्मचारीहरूले कागजीरूपमा गरेका हुन् कि, किसानका नाममा आफ्ना कार्यकर्ताहरूलाई वितरण गरेका हुन् कि आदि विषय भने खोजिएको खण्डमा वास्तविकता बाहिरिन्छ ।**

**पर्सा र बारामा मौसमी तरकारीखेती हुँदै आए पनि बेमौसमी हरियो तरकारीखेतीका लागि भने छिमेकी मकवानपुरका किसानहरू अगाडि छन् । अनि अहिलेसम्म सीमापारि भारतसँग बेमौसमी तरकारीखेतीका लागि आश्रित हुनुपर्ने अवस्था विद्यमान नै छ । मौसमी तरकारीखेतीमा किसानहरूलाई मुनाफा कम हुन्छ। मौसममा सबै किसानले तरकारीखेती गर्ने र त्यसको बजार मूल्य कम हुने हुँदा जीराभवानी गापामा चौधरीले मौसम र बेमौसम दुवै समयमा उत्पादन हुनेगरी कटहर र सजिवन खेती शुरू गरेका हुन् । चौधरी जस्तै अन्य किसानहरूले पनि बजार अनुगमन गरेर बेमौसमी तरकारीखेती गर्ने हो भने पर्सेली उपभोक्ताहरू बारा, मकवानपुर र भारतमा आश्रित हुनुपर्दैन थियो ।**

# वर्तमान समयमा सोसल मिडिया

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**आज प्रत्येक व्यक्तिविना डर र त्रास सोसल मिडियाको माध्यमले आफ्नो विचार राख्न सक्दछ र हजारौं मानिस समक्ष त्यसलाई पुऱ्याउन सक्छ। वास्तवमा सोसल मिडियाद्वारा समाजमा परिवर्तन ल्याउन सकिन्छ।**

भनिन्छ सूचना दुईधारे हतियार हो। एकातिर यसको उपयोग भ्रम र डर फैलाउनका लागि गर्न सकिन्छ भने अर्कोतिर यसबाट रचनात्मक कार्य पनि गर्न सकिन्छ। सूचना क्रान्तिको आधुनिक युगमा सोसल मिडियाको भूमिकालाई लिएर जहिले पनि प्रश्न उठ्ने गरेको छ । आर्थिक, राजनीतिक र सामाजिक प्रगतिमा सूचना क्रान्तिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ तर सँगसँगै सूचना क्रान्तिको देन सोसल मिडियालाई लिएर उठ्ने गरेको प्रश्न पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको छ। ती प्रश्नहरूमध्ये के सोसल मिडियाले हाम्रो समाजमा ध्रुवीकरणको स्थिति उत्पन्न गरिरहेको छ ? समाजको प्रगति र उन्नतिमा सोशल मिडियाको के भूमिका हुनुपर्ने हो ? हामी एउटा यस्तो समाजमा बस्छौं जहाँ हामी सूचनाको उपभोक्ता मात्र होइन, उत्पादनकर्ता पनि हौं । सोसल मिडियासँग हाम्रो यस प्रकारको सम्बन्धले नै हामीलाई यसमा नियन्त्रण गर्नुभन्दा टाढा पुऱ्याइदिन्छ । हरेक दिन अर्बौं मानिस फेसबूकमा लगइन गर्छन् । हरेक पल ट्वीटरमा ट्वीट गरिन्छ र इंस्टाग्राममा कैयन फोटाहरू पोस्ट गरिन्छ।

यदि सोसल मिडियाद्वारा ध्रुवीकरणको कुरा गर्ने हो भने विगतमा यसबारे कैयन प्रयोग भएको थाहा हुन आएको छ। सन् १९५० को दशकमा सामाजिक मनोवैज्ञानिक सोलोमन असचले मनोवैज्ञानिक प्रयोगको एउटा शृङ्खला नै थालनी गरेका थिए । बहुमतको विचारले कसरी कुनै एउटा व्यक्तिको विचारलाई प्रभावित गर्दछ भन्ने कुरा निर्धारित गर्न यो प्रयोग गरिएको थियो। यसको परिणाम के आयो भने बहुमतको विचारसँग सामेल हुनको लागि गलत जवाफ दिनका लागि मानिसहरू तयार थिए । केहीले समाजमा उनी हाँसोका पात्र नबनून् भनेर गलत जवाफ दिएका थिए। यद्यपि १९५० को दशकदेखि सञ्चारको यो स्वरूप विकसित भएर नयाँ स्वरूपमा प्रकट भएको छ तर पनि मानिसको स्वभाव यससँग सामञ्जस्य गर्न सफल भएको छैन । केही हदसम्म यस धारणाले अनलाइन फेक समाचारको प्रभावतर्फ पनि इशारा गर्दछ, जसले समाजमा ध्रुवीकरणलाई विस्तार गर्न सहयोग गरेको छ। सोसल मिडियाको साइट्सले उत्प्रेरकको भूमिका पनि निर्वाह गर्दछ । उदाहरणका लागि ट्वीटर नियमितरूपले उनीहरूलाई अनुसरण गर्न प्रेरित गर्छ जो हामीजस्तै समान दृष्टिकोण राख्दछन्।

यसरी हामी के पाउँछौं भने सोसल मिडियाको प्रभावले गर्दा मानिसको कल्पना शक्तिको दायरा सङ्कुचित हुँदै गएको छ। हिजोआज यसबाट व्यवहारमा परिवर्तन देखा परिरहेको छ साथै व्यक्तिगत कुराकानीमा पनि यसको प्रभाव परिरहेको छ। यदि सोसल मिडियाको मूल अर्थको कुरा गर्ने हो भने कम्प्युटर, टैबलेट वा मोबाइलको माध्यमले कुनै पनि मानिसको सञ्चार वा इन्टरनेटको जानकारी साझा गर्ने कामलाई नै सोसल मिडिया भनिन्छ। यस प्रक्रियामा कैयन वेबसाइट र एपको योगदान हुन्छ। वर्तमान समयमा सोसल मिडिया सञ्चारको सबैभन्दा ठूलो साधनको रूपमा देखा परेको छ र दिनानुदिन यसको लोकप्रियता वृद्धि भइरहेको छ । सोसल मिडियाद्वारा विचार, सामग्री, सूचना र समाचारलाई तीव्र गतिले मानिसहरूबीच साझा गरिन्छ। सोसल मिडियालाई जहाँ एकातिर वरदान मानिन्छ, अर्कोतिर अभिशापको रूपमा पनि हेर्न थालिएको छ।

सोसल मिडियाको सकारात्मक प्रभावको कुरा गर्ने हो भने यसले सामाजिक विकासमा सहयोग गर्दछ । सोशल मिडियाबाट मार्केटिङजस्ता उपकरणले लाखौं ग्राहकलाई आकर्षित र प्रभावित गरेर उनीहरूसँग सम्बन्ध विस्तार र स्थापित गरेको छ। यसबाट समाचार सम्प्रेषण पनि गर्न सकिन्छ । सामाजिक मुद्दामाथि जनतालाई जागरुक गराउने सन्दर्भमा सोसल मिडियालाई एउटा राम्रो उपकरण मान्न सकिन्छ। सोसल मिडियाको माध्यमले समान विचार भएका मानिससँग पनि सम्पर्क स्थापित गर्न सकिन्छ । विश्वको कुनै पनि कुनामा आफ्नो कुरा थोरै समयमा धेरै मानिससमक्ष पुऱ्याउन सोसल मिडिया वर्तमानको सबैभन्दा श्रेष्ठ साधन बनिसकेको छ।

सोसल मिडियालाई शिक्षा प्रदान गर्ने सन्दर्भमा पनि एउटा राम्रो साधनको रूपमा प्रयोग गर्न थालिएको छ। यसको माध्यमले अनलाइन जानकारी तीव्र गतिले हस्तान्तरण गरिन्छ। यसबाट अनलाइन रोजगारको अवसर पनि हासिल हुन्छ। यस सँगसँगै व्यवसाय, चिकित्सा, नीति निर्माणलाई समेत प्रभावित गर्नमा यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।

हिजोआज शिक्षक र विद्यार्थीहरूद्वारा फेसबूक, ट्वीटर, लिंक्डइन, गुगल टीम आदि प्लेटफर्म प्रयोग भइरहेको छ। सोसल मिडियाले शिक्षक र विद्यार्थीबीच बढ्दो दूरीलाई कम गरेको छ। प्रोफेसर स्काइप, ट्वीटर र अन्य ठाउँमा समेत यसको सहयोगले लाइभ चैट गर्छन् । सोसल मिडियाले गर्दा आज शिक्षा सजिलो भइसकेको छ।

हुनत कैयन भौतिकविद्हरूले सोसल मिडियालाई मानिसमा तनाव र चिन्ताको प्रसार गर्ने साधनका रूपमा देखेका छन् किनभने सोशल मिडियाको अत्यधिक प्रयोगले सुत्ने बानीमा परिवर्तन, साइबर अपराधमा वृद्धि, केटाकेटीप्रति निरन्तर बढ्दो दबाब र एउटा प्रभावशाली प्रोफाइल भएका युवाहरूलाई बढी मात्रामा प्रभावित गरिरहेको छ । सोसल मिडियामा अत्यधिक व्यस्तताले गर्दा अन्य आवश्यक कामको लागि समय निकाल्न गाऱ्हो भइरहेको छ, किनभने यसमा व्यस्त भएपछि समय गएको थाहा नै हुँदैन । यसबाट अन्य गम्भीर समस्या उत्पन्न हुने गर्दछ जस्तै ध्यान केन्द्रित नहुनु, निद्रा गायब हुनु, तनाव बढ्नु आदि। यसको अत्यधिक प्रयोगले स्वयंको गोपनीय कुराहरू पनि गोपनीय रहँदैन । यसले उपयोगकर्तालाई साइबर अपराधजस्तै ह्याकिङ, फिशिङ जस्ता अपराधले संवेदनशील बनाउँछ।

हिजोआज सोसल मिडियाप्रति केटाकेटीहरूको बढ्दो आकर्षणले विश्वलाई चिन्तित तुल्याएको छ। कैयन देशले केटाकेटीहरूद्वारा मोबाइल प्रयोगमा रोक लगाएका छन्। लामो समयसम्म सोसल मिडियाको प्रयोगले विद्यार्थीहरूको आँखा कमजोर बन्नु, दिमागमा रासायनिक प्रतिक्रिया उत्पन्न भई स्मरण शक्ति कमजोर हुनु, शारीरिक तथा मानसिक विकासमा बाधा पुग्नु, आफ्नो पढाइलेखाइ र भविष्य निर्माणमा बाधा पुग्नु र कानूनविपरीतका कुलतमा फस्ने सम्भावना चिकित्सक र मनोवैज्ञानिकहरूले गरेका छन्। यससँगै सोसल मिडियाको दुरुपयोग पनि कैयन प्रकारले भइरहेको छ। यसको माध्यमले सामाजिक र धार्मिक उन्माद फैलाउने कामसमेत भइरहेको छ । यसबाहेक राजनीतिक स्वार्थको लागि गलत जानकारी फैलाउने काम पनि भइरहेको छ। यसले समाजमा हिंसा बढाउनुको साथै हाम्रो सोचलाई समेत नियन्त्रित गर्ने काम गरिरहेको छ।

विश्व आर्थिक मञ्चको एक प्रतिवेदन अनुसार सोसल मिडियाको माध्यमले झूटो सूचनाको प्रसार भावी जोखिममध्ये एक हो । वास्तवमा यो देश विकासको मार्गमा बाधक हो । यस कारण हाम्रो सरकारले यस्ता कुराहरूमा हस्तक्षेप गर्न आवश्यक भइसकेको छ। हाम्रो सरकार यस्तो प्रयास गरि पनि रहेको छ तर पूर्णरूपले यसमा लगाम लगाउन सकेको छैन। यसो गर्दा आइटी कम्पनीहरू फेक समाचारको शिकायत माथि अदालत र सरकारी संस्थाहरूप्रति जिम्मेवार नभई आम जनताप्रति पनि जवाफदेह हुन्छन्। हाम्रो देश जसरी आधुनिकीकरणतर्फ उन्मुख भइरहेको छ सोही अनुपातमा चुनौति पनि बढ्दै गइरहेको छ । यस परिवेशमा नेपालले पनि जर्मनीजस्तै कठोर कानून बनाउनु आवश्यक छ, जसले मिडियामाथि आपत्तिजनक सामग्रीको प्रयोग गर्नेमाथि लगाम लगाउन सकियोस्। यस सँगसँगै सोसल मिडिया इन्टेलिजेन्सको माध्यमले सोसल मिडियामा हुने गतिविधिहरूको विश्लेषण पनि समय-समयमा गरिराख्नु आवश्यक छ। यसरी गर्दा आपत्तिजनक सामग्री तुरुन्त प्रभावमा आउनबाट जोगाउन र हटाउन सकिन्छ।

बोल्ने र अभिव्यक्तिको स्वतन्त्रता लोकतन्त्रको अहम् हिस्सा हो । सोसल मिडियाले अभिव्यक्तिको स्वतन्त्रतालाई एउटा नयाँ आयाम दिएको छ । दुई दशक पहिले यसको कल्पना गर्नु पनि सम्भव थिएन। आज प्रत्येक व्यक्तिविना डर र त्रास सोसल मिडियाको माध्यमले आफ्नो विचार राख्न सक्दछ र हजारौं मानिस समक्ष त्यसलाई पुऱ्याउन सक्छ। वास्तवमा सोसल मिडियाद्वारा समाजमा परिवर्तन ल्याउन सकिन्छ। तर सोसल मिडियाको दुरुपयोगले यसलाई एउटा खतरनाक उपकरणको रूपमा स्थापित गरिदिएको छ। जसले गर्दा यसको नियमन गर्नु आजको खाँचो बनेको छ। यस कारण के आवश्यक छ भने व्यक्तिगत अधिकार उल्लङ्घन नहुनेगरी सोसल मिडियाको दुरुपयोग रोक्न सबै पक्षसँग विचार विमर्श गरेर यसको दुरुपयोग रोक्न विकल्पको खोज गर्न सकियोस्।

# चुरे संरक्षणमा सबैको सहकार्य अपरिहार्य -प्रधानमन्त्री

सिराहा, २ असार/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' चुरे क्षेत्रको संरक्षणमा सङ्घीय, प्रादेशिक, स्थानीय सरकार, स्थानीय समुदाय, सरोकार भएका निकायको समन्वय, सहकार्य र संयुक्त प्रयास अपरिहार्य रहने बताएका छन् ।

१०औं चुरे संरक्षण दिवसका सन्दर्भमा आइतवार आयोजित बृहत् वृक्षारोपण कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले तराई-मधेसका बहुसङ्ख्यक जनताको जीवनरेखासँग जोडिएको चुरे क्षेत्र बहुपक्षीय र बहुसरोकारको विषय भएको बताए।

"चुरे क्षेत्रको संरक्षणमा तीनै तहका सरकार, स्थानीय समुदाय, सरोकार भएका निकायबीच समन्वय, सहकार्य र संयुक्त प्रयास अपरिहार्य छ," प्रधानमन्त्री प्रचण्डले भने, "तराई-मधेसका बहुसङ्ख्यक जनताको जीवनरेखासँग जोडिएको चुरे क्षेत्र बहुपक्षीय र बहुसरोकारको विषय हो।" विसं २०७४ मा स्वीकृत भएको २० वर्षे चुरे तराई-मधेस संरक्षण तथा व्यवस्थापन गुरुयोजना परिमार्जनसहित लागू गर्नुपर्ने बताउँदै उनले चुरे संरक्षणका लागि छुट्टै ऐनको आवश्यकता देखिएकाले त्यसका लागि सरकारले आवश्यक समन्वय गरिरहेको जानकारी दिए।



तस्वीरः रासस

वृक्षारोपण कार्यक्रमले आम जनसमुदायमा वन र वनस्पति संरक्षणमा सकारात्मक सन्देश प्रवाह भएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले विगतका वर्षमा नदी उकास क्षेत्रलगायत खाली र क्षतिग्रस्त करीब १० हजार हेक्टर भूमिमा विभिन्न प्रजातिका बिरुवा रोपण गर्न राष्ट्रपति चुरे तराई-मधेस संरक्षण विकास समितिमार्फत जनतालाई वितरण गरिएको बताए। उनले करीब रु तीन करोड गुणस्तरीय रूख प्रजातिका बिरुवा उत्पादन र वितरणमार्फत 'हरियाली प्रवर्द्धन र पारिस्थितिकीय प्रणाली'को पुनर्स्थापना गर्दै आएकोमा समितिप्रति आभार प्रकट गरे।

वृक्षारोपण गरिएका बिरुवाहरूको संरक्षण र स्याहारसम्भार गर्ने कार्य उत्तिकै महत्त्वपूर्ण भएको भन्दै प्रधानमन्त्री प्रचण्डले रोपिएका बिरुवाको संरक्षणमा पनि ध्यान दिनुपर्नेमा जोड दिए । "रोपिएका बिरुवा हुर्किएर स्थानीयले उत्पादित वस्तु वा सेवा प्राप्त गर्दैनन्, तबसम्म यसको निरन्तर संरक्षण गर्नुपर्छ," उनले भने, "यस कार्यमा तीनै तहका सरकार, सरकारका निकाय, सामुदायिक वन उपभोक्ता समूह, नागरिक समाज, निजी क्षेत्र र गैरसरकारी सङ्घसंस्थालाई सहकार्य र समन्वयका लागि म हार्दिक अपील गर्छु।" उनले आगामी दिनमा चुरे तराई-मधेसको संरक्षण र जनताको जीवनस्तर सुधारमा हरित अभियान बहुउपयोगी होस् भन्ने कामना गरे।

नेपालको पूर्वमा इलामदेखि पश्चिम कञ्चनपुरसम्म ३७ जिल्लामा फैलिएको चुरे पर्वत भूजैविक, भौगर्भिक दृष्टिकोणले

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# मधेस प्रदेशको बजेट २२ करोडले घटयो

वीरगंज, (पर्सा) २ असार/रासस

मधेस प्रदेश सरकारले चालू आर्थिक वर्षमा प्रस्तुत गरेको बजेटभन्दा रु २२ करोड कम हुनेगरी आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट ल्याएको छ।




मधेस प्रदेशका अर्थमन्त्री भरतप्रसाद साहले शनिवार प्रदेशसभाको बैठकमा चालू आर्थिक वर्षमा प्रस्तुत गरेको बजेटको आकारभन्दा शून्य दशमलव ५० प्रतिशतले घटी बजेट प्रदेशसभाको बैठकमा प्रस्तुत गरेका हो।

अर्थमन्त्री साहले आगामी आव २०८१/८२ का लागि मधेस प्रदेसको रु ४३ अर्ब ८९ करोड २१ लाख ७० हजारको बजेट ल्याएका छन्। विनियोजित बजेटमध्ये चालूतर्फ रु १६ अर्ब सात लाख एक हजार अर्थात् ३६ दशमलव ४५ प्रतिशत रहेको छ। पूँजीगतर्फ रु २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार अर्थात् ६३ दशमलव ५५ प्रतिशत रहेको छ।

चालू आर्थिक वर्षमा भने मधेस प्रदेशका लागि रु ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार बजेट विनियोजन गरिएको थियो। अर्थमन्त्री साहले आगामी आवमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई रु पाँच अर्ब २१ करोड ६५ लाख छ हजार बजेट विनियोजन गरेको बताए। चालू आर्थिक वर्षमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका लागि भने रु पाँच अर्ब ४७ करोड ३४ लाख ७८ हजार विनियोजन गरेको थियो।

चालू आवभन्दा आगामी आवमा रु २५ करोड ६९ लाख बजेट घटेको छ। चालू आवभन्दा आगामी आवको बजेटमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको बजेट रु १६ करोड ३४ लाख बढाइएको छ। आगामी आवका लागि सो मन्त्रालयको रु दुई अर्ब ७९ करोड १९ लाख विनियोजन गरिएको छ। सोही मन्त्रालयका लागि चालू आर्थिक वर्ष २०८०/८१ को रु दुई अर्ब ६२ करोड ८५ लाख २७ हजार बजेट विनियोजन गरिएको थियो।

प्रदेश सरकारले आगामी आवका लागि भौतिक पूर्वाधार मन्त्रालयलाई रु १३ अर्ब ११ करोड ५२ लाख ७४ हजार विनियोजन गरेको छ। त्यस्तै, खेलकूद तथा समाज कल्याण मन्त्रालयतर्फ रु एक अर्ब ९५ करोड ८३ लाख ५० हजार विनियोजन गरेको छ।

यस्तै, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयतर्फ रु पाँच अर्ब १७ करोड ९६ लाख ४२ हजार विनियोजन गरिएको छ। गृह, सञ्चार तथा कानून मन्त्रालयतर्फ रु ७७ करोड ५७ लाख चार हजार विनियोजन गरेको बजेट वक्तव्यमा उल्लेख छ।

शिक्षा तथा संस्कृति मन्त्रालयतर्फ रु दुई अर्ब ९० करोड ५१ लाख ७६ हजार विनियोजन गरिएको छ। उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयतर्फ रु दुई अर्ब ९८ करोड ५८ लाख २२ हजार विनियोजन गरेको छ। श्रम तथा यातायात मन्त्रालयतर्फ रु ९९ करोड ९७ लाख ४८ हजार विनियोजन गरिएको छ। वन तथा वातावरण मन्त्रालयतर्फ रु दुई अर्ब ४२ करोड ४० लाख २५ हजार विनियोजन गरिएको छ।

# एकताको महाधिवेशन, एकताको सन्देश

म जिन्दगीमा पहिलोपटक राजनैतिक दलको महाधिवेशनमा सहभागी भएर अस्ति वीरगंज फर्कें। जनता समाजवादी पार्टी नेपालले एकताको राष्ट्रिय महाधिवेशन यही जेठ २८, २९ र ३० गते जनकपुरधाममा सफलतापूर्वक सम्पन्न गऱ्यो, जसको म साक्षी रहें। जनकपुर महाधिवेशनमा उर्लिएको भीडले जसपा फुट्यो भन्नेहरूलाई 'जोडका झटका धिरे से' भन्ने मैले महसूस गरें। जनकपुरको उखरमाउलो ४३ डिग्रीको घामको राप र ताप सहेर करीब ३० हजार समर्थक र कार्यकर्ता एकतमासले घण्टौं तातो पण्डालमा बसिरहे, नेताहरूको गन्थन–मन्थन सुनिरहे। स्वदेश र विदेशका नामचीन हस्ती र पार्टीहरूको सहभागिता समेत उल्लेखनीय रह्यो। वीरगंजे मेयर राजेशमान र सङ्घीय सरकारका मन्त्री प्रदीप यादव वीरगंजमा भएकाले होला पर्सामा पार्टी फुटको शोरगुल थोरै मात्र देखिन्छ। तर महाधिवेशन स्थलमा फुटको कुनै प्रभाव देखिएन। तसर्थ केन्द्रीय समिति चयनमा पर्सालाई विदेश महत्त्व दिनुपर्ने देखियो। आगे उपेन्द्रको मर्जी !

एमाले फोड्दा वामदेवको दुर्गति, माओवादी त्यागदा बाबूरामको हविगत र अहिले माधव नेपाल र झलनाथको खिंचातानी, राप्रपा त्यागदा कमल थापाको दुर्गति, त्यस्तै प्रभु साह, राजेन्द्र महतो, महन्थ ठाकुरजस्ता दिग्गजहरू त माउ पार्टी त्यागदा बिलाएर जाँदैछन् भने अशोक राई, इस्तियाक राई, प्रदीप यादव, रेणु यादव र राजेशमान जस्ताको के कुरा ! हात्ती आयो हात्ती आयो फुस्सा।

जनकपुरको माहौल देख्दा पार्टी फोडुवाहरूको अवस्था 'लौट के बुद्धु घर को आए' नै हितकर देखें मैले। नयाँ जसपामा अवसरवादी, अस्थिर र चञ्चले स्वभाव भएका तथा भविष्यमा यिनीहरू कोही एमाले र कोही माओवादी पार्टीमा घुस्रिने र पिछलग्गु कार्यकर्ताहरूलाई घर न घाटको बनाउने निश्चित भएकोले मूल पार्टीमा फर्किन इमानदार र भ्रममा परेका कार्यकर्ताहरूलाई उपेन्द्र यादव र लालबाबू राउतले मञ्चबाट जोडदार आह्वान समेत गरे।



**मन्तव्य**

**कुमार रुपाखेती**

**समावेशी तरीकाले जनचाहना र प्रतिनिधिहरूको भावना अनुसार केन्द्रीय समिति निर्माण हुनेमा जसपा नेपाल समर्थक ढुक्क छन्। उपेन्द्र यादवको परीक्षाको घडी हो यो। उनको सफल कार्यकालको कामना। सिद्राको यो सानो व्यापार गर्न जाँदा जानकी मन्दिर दर्शन गर्न पनि भ्याइयो।**

झन्डै एक हजार बढी महाधिवेशन प्रतिनिधि पर्यवेक्षक उपस्थित अधिकांश कार्यक्रम महेन्द्रनारायण निधि प्रतिष्ठानमा सम्पन्न भयो। महाधिवेशन अवधिभर जनकपुरधाममा मेला, ठेला झैं अफरातफरीको माहौल थियो। होटल, लज खचाखच थियो। करीब तीन सय बस, निजी सयकडौं सवारी साधन आदिले जनकपुरधामको ट्राफिक व्यवस्था चरमरिएको, जाम र भद्रगोलको स्थिति थियो। महाधिवेशन अवधिभर खानाको मेस चलाइएको थियो तर खाना स्तरीय थिएन। अनियन्त्रित भीडको चापले बाहिरिया र बेसरोकारवालाहरूले खुब खाए, प्रतिनिधि र पर्यवेक्षकहरूले होटलमा पैसा तिरेर खानुपऱ्यो। खानेपानीसमेतको उचित व्यवस्था थिएन।

तर पनि उम्मेदवारहरूको केन्द्रीय समितिमा उम्मेदवारीको ठूलो लर्को देखिएपछि बन्द सत्रले केन्द्रीय समिति निर्माण गर्ने सम्पूर्ण अधिकार केन्द्रीय अध्यक्ष उपेन्द्र यादवलाई एक स्वरले दियो। उपेन्द्र यस अघि नै सर्वसम्मत अध्यक्ष निर्वाचित भइसकेका थिए।

सबै वर्ग, समूह र समावेशी तरीकाले सबै तप्का समेट्ने गरी अधिकार उपेन्द्र यादवलाई दिए पनि केहीले असहमति जनाउँदै सेलेक्शन होइन इलेक्शन चाहियोसमेत भने। विभिन्न प्रकारका अन्योलले गर्दा तीन दिने यो एकताको राष्ट्रिय महाधिवेशन लम्बिएर चार दिन पुग्यो। बहुचर्चित र बहुविवादित सहअध्यक्षको पदमा लालबाबूराउत गद्दी, रकम चेमजोङ र राजकिशोर यादव प्रतिस्पर्धामा भए पनि लालबाबू गद्दीको जोरशोर निकै थियो।

महाधिवेशन प्रतिनिधि शुल्क १५००।– राखिएको थियो। महाधिवेशन प्रतिनिधिलाई एउटा ब्याग थियो, जसमा एउटा छाता पनि दिएको भए पार्टीको चुनाव चिह्नको प्रचारप्रसार हुने र उखरमाउलो गर्मीसमेत छेक्थ्यो भन्ने प्रतिनिधिहरू थुप्रै भेटिए। तर कार्यकर्ताहरूको सहनशीलता काबिले तारिफ थियो।

एकताको यो राष्ट्रिय महाधिवेशनले एकताको सन्देश दियो तर पार्टी फोडुवा नायकहरूलाई भविष्यमा रातो कार्पेट बिछ्याएर भित्र्याउन नहुने पक्षमा कार्यकर्ताहरूको ठूलै जमात देखियो। भविष्यमा कमसेकम एकपल्ट मुलुकको प्रधानमन्त्री बन्ने प्रबल चाहना अध्यक्ष उपेन्द्र यादवको रहेको पनि बुझियो।

धेरैले अशोक राईको जसपालाई चार दिन को चाँदनी फिर अँधेरी रात पनि भने। तर समावेशिताको जतिसुकै ढ्वाङ फुके पनि जसपा नेपाल अझैं नेतामुखी नै देखियो। महाधिवेशनमा उपस्थित प्रतिनिधिहरूमध्ये झा, यादव, महतो, पासवान, मुस्लिम आदि भए पनि पहाडे मूलका प्रतिनिधिहरूलाई कतिपयले पहाडिया, पहाडिया उम्मेदवार, पहाडिया प्रतिनिधि भनी सम्बोधन गरेको देख्दा यो पार्टीमा अझैं पनि जातीय दुर्गन्ध विद्यमान देखियो। नवनिर्वाचित अध्यक्ष उपेन्द्र यादवले यसमा विशेष ध्यान दिने र स्कूलिङ गर्नु जरुरी देखिन्छ। महाधिवेशनको रङ्गारङ्ग कार्यक्रममा यस्ता जातीय सम्बोधन र विभेदले भाँजो हाल्ने देखिन्छ।

केन्द्रीय समितिको निर्वाचन प्रचारप्रसारको क्रममा पर्साबाट सहअध्यक्षका उम्मेदवार लालबाबू राउत र केन्द्रीय सदस्यमा वीरेन्द्रप्रसाद यादवको निकै बोलबाला देखिन्थ्यो। तसर्थ विवाद र फुटको यस अहम् घडीमा केन्द्रीय समिति निर्माणको यो महत्त्वपूर्ण समयले अध्यक्ष उपेन्द्र यादवको सुझबुझको परिचय दिने आशा सबैले गरेका छन्। झर्ला र खाउँला भनेर अर्को जसपा मौका कुरेर बसेको छ। तसर्थ समावेशी तरीकाले जनचाहना र प्रतिनिधिहरूको भावना अनुसार केन्द्रीय समिति निर्माण हुनेमा जसपा नेपाल समर्थक ढुक्क छन्। उपेन्द्र यादवको परीक्षाको घडी हो यो। उनको सफल कार्यकालको कामना गर्दछु। सिद्राको यो सानो व्यापार गर्न जाँदा जगत्जननी जानकीमाताको मन्दिर दर्शन गर्न पनि भ्याइयो।

# ११ महीनामा ४४ प्रतिशत मात्रै पूँजीगत खर्च

काठमाडौं, २ असार/रासस

चालू आर्थिक वर्ष २०८०/८१ को ११ महीना अवधिमा सरकारको विकास खर्च ४४ दशमलव ६७ प्रतिशत मात्रै देखिएको छ। यही अवधिमा सरकारले चालूतर्फ वार्षिक लक्ष्यको ७२ दशमलव छ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ७२ दशमलव सात प्रतिशत बराबर बजेट खर्च गरेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

चालू आवका लागि सरकारले कुल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो। सोमध्ये चालू शीर्षकमा रु ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर विनियोजन भएकामा जेठ मसान्तसम्ममा रु आठ खर्ब २२ अर्ब ८० करोड ९३ लाख बराबर खर्च भएको छ।

पूँजीगत शीर्षकमा सरकारले रु तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबरको बजेट विनियोजन गरेकामा जेठ मसान्तसम्ममा रु एक खर्ब ३४ अर्ब ९७ करोड ९२ लाख बराबर मात्रै खर्च भएको छ। पूँजीगत शीर्षकमा हालसम्म खर्च भएको यो रकम सुरुआती लक्ष्यको ४४ दशमलव ६८ प्रतिशत बराबर मात्रै हो।

वित्तीय व्यवस्था शीर्षकमा चालू आर्थिक वर्षका लागि रु तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन भएकामा ७२ दशमलव सात प्रतिशत अर्थात् रु दुई खर्ब २३ अर्ब ५० करोड ८८ लाख बराबर खर्च भएको छ। वित्तीय व्यवस्था शीर्षकको बजेट सरकारी ऋणको साँवा–ब्याज तिर्नमा खर्च हुने गरेको छ।

यो अवधिसम्मको सरकारी राजस्व सङ्कलन वार्षिक लक्ष्यको ६४ दशमलव १५ प्रतिशत बराबर मात्रै रहेको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट देखिन्छ। चालू आर्थिक वर्षका लागि सरकारले रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा रु नौ खर्ब ४४ अर्ब ५८ करोड ९४ लाख बराबर खर्च भएको छ। सोमध्ये कर राजस्व शीर्षकमा रु १३ खर्ब पाँच अर्ब ४९ करोड ९६ लाख बराबर असुली गर्ने सरकारी लक्ष्य रहेकामा हालसम्म ६३ दशमलव पाँच प्रतिशत अर्थात् रु आठ खर्ब २९ अर्ब तीन करोड ९२ लाख बराबर सङ्कलन भएको छ।

गैरकर राजस्वतर्फ सरकारले रु एक खर्ब १७ अर्ब छ करोड २१ लाख बराबर उठाउने लक्ष्य राखेकामा हालसम्म वार्षिक लक्ष्यको ७७ प्रतिशत अर्थात् रु ९० अर्ब एक करोड बराबर मात्रै सङ्कलन भएको देखिन्छ।

चालू आर्थिक वर्षका लागि सरकारले रु ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य राखेको थियो। हालसम्म उठेको वैदेशिक अनुदानको अवस्था हेर्दा वार्षिक लक्ष्यको पाँच दशमलव ५२ प्रतिशत अर्थात् रु दुई अर्ब ७५ करोड ८० लाख बराबर मात्रै सङ्कलन भएको देखिन्छ।

मुलुकको अर्थतन्त्रमा सुधार हुन नसक्नुमा सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्र कमजोर रहेको भन्दै आलोचना भइरहँदा पूँजीगत खर्चको अवस्था कमजोर देखिनु, चालू र वित्तीय व्यवस्था शीर्षकको खर्च बढ्दै जानु, लक्ष्य अनुसार राजस्व सङ्कलन हुन नसक्नु तथा वैदेशिक अनुदान उठाउन नसक्नु प्रमुख समस्याका रूपमा देखिएका छन्।

# नेप्से परिसूचक १७ अङ्कले घटयो

काठमाडौं, २ असार/रासस

यो सातामा कारोबारको पहिलो दिन आइतवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक १७ दशमलव ०४ अङ्कले घटेर दुई हजार ९५ दशमलव २५ को बिन्दुमा कायम भएको छ।

आज ३१७ कम्पनीका एक करोड ३२ लाख २३ हजार ८८४ कित्ता शेयर ७१ हजार ९९७ पटक खरीद–बिक्री हुँदा रु पाँच अर्ब ४७ करोड २२ लाख ५३ हजार ५५१ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

होटल तथा पर्यटन समूहको उपसूचक शून्य दशमलव ०४ प्रतिशतले बढेको छ भने अरू सबै समूहका उपसूचक घटेका छन्। सबैभन्दा धेरै लघुवित्त समूह एक दशमलव ७१ र अन्य विकास बैंक समूह एक दशमलव २० प्रतिशतले घटेका छन्।

नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ भने भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा नेपाल फाइनान्स लिमिटेडको सबैभन्दा धेरै रु ३० करोड ४० लाख ५३ हजार ४९२ बराबरको चार लाख ७९ हजार ९८७ कित्ता शेयर किनबेच भएका छन्।



**दुर्लभ वन्यजन्तु कृष्णसारको बच्चा:** बर्दियाको गुलरिया नगरपालिकास्थित खैरापुरको प्राकृतिक वासस्थानमा पाइने एन्टीलोप प्रजातिको दुर्लभ वन्यजन्तु कृष्णसारको बच्चा। प्रजाति लोप हुनबाट जोगाउन शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको फाँटामा स्थानान्तरण गरी संरक्षण भइरहेको छ। तस्बिर: यादवप्रसाद आचार्य/रासस

# कुरिलोखेतीबाट एकै याममा सात लाख मुनाफा

त्रिवेणी (नवलपरासी), २ असार/

बर्दघाट सुस्तापूर्व नवलपुरका पद्म बहादुर मोक्तानले कुरिलोखेतीबाट एकै याममा रु सात लाख मुनाफा आर्जन गरेका छन्।

मध्यबिन्दु नगरपालिका–३ ब्रह्मस्थानमा विगत तीन वर्षदेखि कुरिलोखेती गरेका मोक्तानले वार्षिक रु १६ लाखसम्मको कुरिलो बेचर उक्त मुनाफा गरेका हुन्। सबै खर्च कटाएर रु सात लाख नाफा कमाएको उनले बताए।

हाल उनले ५० कठ्ठामा कुरिलोखेती गरेका छन्। "यो कुरिलोको सिजन हो, टिप्ने, मुठा पार्ने र बजार र पठाउने काममा व्यस्त भइन्छ"–उनले भने। दैनिक ८० देखि १०० केजीसम्म कुरिलो उत्पादन हुने गरेको उनले बताए। किसान मोक्तानले उत्पादन गरेको कुरिलो स्थानीय बजारका साथै नारायणगढ, पोखरा र काठमाडौंमा खपत हुने गरेको छ।

गत वर्ष तीस कठ्ठा क्षेत्रफलमा कुरिलोखेती गरेका मोक्तानले यस वर्ष



२० कठ्ठा क्षेत्रफल थपेको बताए। गत वर्षभन्दा यो वर्ष बढी आम्दानी हुने उनी बताउँछन्। हाल कुरिलोको खुद्रा बजार मूल्य प्रतिकेजी रु ३०० छ र थोकमा मूल्य रु २५० छ।

लोट्स कृषि तथा पशु फार्म दर्ता गरी जग्गा भाडामा लिएर उनले तरकारीखेती गर्दै आएका छन्। विगत पाँच वर्षदेखि उनी व्यावसायिक खेतीमा लागेका हुन्। उनको बारीमा कुरिलोसँगै घिरौला, भिन्डी, करैला, खरबुजा लटरम्म फलेका छन्। आफ्ना अन्य उत्पादनले भन्दा कुरिलोखेतीबाट बढी आम्दानी हुने गरेको उनी बताउँछन्।

# सन्दर्भ चुरे दिवस : कसले सुन्ला चुरेका कुरा ?

प्रतीक ढकाल
काठमाडौं, २ असार⁄रासस

मुलुकको कार्यपालिका सञ्चालन हुने मुख्य प्रशासनिक केन्द्र सिहंदरबारबाट नजीकैको दूरीमा छ, माइतीघर मण्डला। त्यही मण्डलामा मधेसका चुरेवासीहरू धर्ना बसेको आज २५ दिन पुगिसक्यो। चुरेका कुरा काठमाडौंमा सरकार र जनप्रतिनिधिहरूले नसुनेपछि निराशा छाएको छ उनीहरूमा। अब कसले सुन्छ ? उनीहरूको गुनासो छ। चुरेवासीको 'चुरे बचाऊ : पानी दिलाऊ सरकार' भन्दै थालिएको आन्दोलन सरकारका आँखाले देख्नै नसकेको गुनासोसहित नारा जुलुसमा छन् उनीहरू।

यता आजै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सहितको नेतृत्वको टोली १०औं चुरे दिवस मनाउन सिराहा जिल्ला जाँदैछ। मधेस प्रदेशका आठै जिल्लाका चुरे बासिन्दा भने राजधानीमैं चुरे बचाऊको गुहार माग्दैछन्। रित्तो भाँडा अगाडि राखेर चुरेवासी भन्दैछन्–"पानी खै ? हामीलाई पानी देऊ सरकार।"

चर्को घामको वास्ता नगरी माइतीघरसम्म धर्नामा आउन उनीहरूलाई बाँकी २५ दिन लाग्यो। चुरेवासीहरू चुरे बचाऊ : पानी दिलाऊ सरकार भन्दै चुरेका कुरा राजधानीमा रहेको सरकारलाई सुनाउन घरबाट निस्केको भने ५० दिन पुगिसक्यो। अझै माग सुनुवाइ नभएको उनीहरूको भनाइ छ। चुरे दिवसले उनीहरूमा उत्साह पनि देखिएन। "५० दिन भइसक्यो, चुरे बचाऊ : पानी देउ सरकार भन्दै हामी आन्दोलनमा छौं"–चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालका संयोजक सुनील यादव भन्छन्–"हामी त सरकारलाई झक्झकाउन सरकारको गेट नजीकै आएका थियौं, सरकार त हाम्रो आन्दोलन नदेखेझैं गर्छ।"

चुरेको अत्यधिक दोहनका कारण खानेपानीको मूल सुक्ने, सतहमुनिको पानी सुक्ने, पहिरो तथा भूक्षयको त्रास बढिरहेको यादव बताउँछन्। "चुरेका कुरा कोहीले नसुनेर हामी नै चुरेका कुरा सुनाउन राजधानी आएका थियौं"– उनी भन्छन्–"हाम्रा कुरा सुन्न आजसम्म न सरकारी प्रतिनिधि आए, न राजनीतिक दलका प्रतिनिधि नै। हाम्रो त भोट मात्रै काम लाग्ने रहेछ"–यादवले आफ्नो माग पूरा नभएसम्म आन्दोलन गरिरहने बताए। "चुरेको अवैध उत्खनन नरोकिसम्म चुरे दिवस मनाएर के गर्ने ? हामीमा उत्साह नै छैन"–उनी भन्छन्।

उनलाई मात्रै होइन, चुरे दिवसको उत्साह छैन, माइतीघर मण्डलामैं आन्दोलनरत सुनीता यादवलाई पनि। "यो चुरे दिवस पोहोरपरार पनि मनाएकै हो क्यारे, तर के उपलब्धि भयो खै ?" उनी भन्छिन्–"चुरे विनाशले चापाकल, पोखरी सुक्दा पानीका लागि टाढा गएर घण्टौं लाइन बस्नुपर्ने बाध्यताले आजित भएर नै हामी घाम र गर्मीको परवाह नगरी माइतीघरमा धर्नामा बस्न बाध्य छौं तर कसैले हाम्रो कुरै सुन्दैन।" उनले चुरे दोहन र वन विनाशका कारण पानीको स्रोत सुक्दै गएको चुरेवासी पानीको सङ्कटबाट गुज्रिनुपरेको भन्दै चुरे संरक्षण र खानेपानी उपलब्धताको माग गर्दै धर्ना दिइएको बताइन्।

चुरे क्षेत्र संरक्षणको मुख्य अख्तियारी पाएको राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिका अध्यक्ष डा. किरण पौडेलले पनि चुरेको बढ्दो विनाशका कारण खानेपानी सुक्ने तथा प्राकृतिक विपद्को जोखिम बढिरहेको बताए। "खानेपानीको स्रोत बचाउन र जमीनमुनिको पानी संरक्षणका लागि पोखरीहरू निर्माण गर्ने योजना बनाएका छौं," उनी भन्छन्–"पहिरो तथा भू–क्षय नियन्त्रणका लागि चुरेमा बाँस रोप्न आवश्यक लगानीका लागि वैदेशिक दाताहरूसँग अनुरोध गरिरहेका छौं।"

समितिका अध्यक्ष डा. किरण पौडेलका अनुसार चुरे आसपासका ३० हजार घर प्राकृतिक विपत्तिको उच्च जोखिममा रहेका छन्। "समितिले गरेको अध्ययन अनुसार हालसम्म चुरे क्षेत्रका ३० हजार घर पहिरोको उच्च जोखिममा छ"–उनले भने–"ती घरहरू अन्यत्र स्तानान्तरण गर्न नसके धनजनको ठूलो क्षति हुने सम्भावना छ, बस्ती स्तान्तरणका लागि बजेट र अन्तरसरकारी निकायहरूबीच समन्वय आवश्यक पर्छ।"

### बजेट कम हुँदा गुरुयोजना कार्यान्वयनमा समस्या

समितिका अध्यक्ष पौडेलका अनुसार आवश्यकता अनुसार बजेट विनियोजन नहुँदा चुरे क्षेत्रको २० वर्षे गुरुयोजना कार्यान्वयनमा चुनौती थपिएकोछ। चुरे तराई–मधेस संरक्षण तथा व्यवस्थापन सम्बन्धी २० वर्षे गुरुयोजनाले तोकेको कार्यक्रम र त्यसमा लाग्ने लागतविपरीत हरेक वर्ष विनियोजन हुने बजेटले गुरुयोजना कार्यान्वयनमा चुनौती देखिएको उनको भनाइ छ। चुरे–गुरुयोजनाले तोकेको कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने लगानी अभाव, जनशक्तिको अभाव, तल्लो तहसम्म संरचनागत विकास नहुँदा गुरुयोजना कार्यान्वयनमा चुनौती थपिंदै गएको पौडेलले जानकारी दिए।

गुरुयोजना सम्पन्न हुन बर्सेनि नौ अर्बभन्दा बढी रकम आवश्यक पर्नेमा वार्षिक एक अर्ब हाराहारीमा मात्रै बजेट विनियोजन हुँदा समस्या थपिएको उनको भनाइ छ। पौडेलका अनुसार चुरेको गुरुयोजना स्वीकृत भएको पहिलो पाँच वर्षको अवधिको मूल्याङ्कन गर्दा अनुमानित लागतभन्दा झन्डै आठ गुणा नै कम बजेट विनियोजन भएको देखिन्छ। "गुरुयोजनाको २० वर्षको अवधिमा २०७२ सालको मूल्यमा रु दुई खर्ब ४९ अर्ब ७० करोड एक लाख ९६ हजार लगानी आवश्यक पर्ने अनुमान गरिएको छ।

गुरुयोजना तर्जुमा गरेको (२०७२) पहिलो पाँच वर्षको लागि अनुमानित लागतमध्ये पहिलो वर्ष रु नौ अर्ब ८७ करोड, दोस्रो वर्ष रु १८ अर्ब २४ करोड, तेस्रो वर्ष रु २१ अर्ब २० करोड, चौथो वर्ष रु १८ अर्ब ४८ करोड र पाँचौं वर्ष रु १३ अर्ब पाँच करोड ३६ लाख ९६ हजार लगानी आवश्यक पर्ने अनुमान छ। तर अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षका लागि विनियोजन गरेको बजेटमा चुरे क्षेत्रका लागि एक अर्ब पाँच करोड मात्र छ। चुरेमा अव्यवथित तरीकाले निर्माण हुने भौतिक पूर्वाधार, चुरेको अत्यधिक दोहन, समन्वयको अभाव, राजनीतिक दलको कम चासो, अपर्याप्त बजेटलगायत चुरे क्षेत्रको संरक्षणका मुख्य चुनौतीहरू रहेका छन्।

### के हो चुरे ?

समितिका अनुसार हिमालय क्षेत्रको दक्षिण तराईबाट उत्तरतिर हेर्दा तराईको समथर मैदान पछि देखिने उठेको पहिलो उभार तथा महाभारतबाट दक्षिणतर्फ ओर्लिंदा समथर तराई आउनु अघिको अन्तिम पर्वतीय क्षेत्र चुरे हो। चुरेलाई चुरिया वा शिवालिक पर्वत पनि भनिन्छ। खुकुलो पत्रे चट्टान र कमलो माटोले बनेको चुरे क्षेत्रको भू–भाग नेपालको पुर्व–पश्चिम फैलिएको छ। पाकिस्तानको सिन्धु नदीदेखि नेपाल हुँदै भारतको ब्रह्मपुत्र नदीसम्म फैलिएको चुरेले नेपालको कुल क्षेत्रफलको १२.७८ प्रतिशत भू–भाग ओगटेको छ। नेपालभित्र चुरे क्षेत्रले पूर्वको इलामदेखि सुदूरपश्चिमको कञ्चनपुरसम्म ३७ जिल्लाका भूभाग छोएको छ।

भूगोलविद्हरूको अध्ययन अनुसार करीब चार करोड वर्ष अघि हिमालय उत्पत्तिका क्रममा गेग्रान थुप्रिएर चुरे क्षेत्र निर्माण भएको हो। उत्तरबाट हिउँ पग्लेर बग्दै आउने नदी महाभारत क्षेत्र हुँदै अन्तिममा चुरेबाट तराईतिर बग्छन्। त्यसैले पनि यो कमलो ढुङ्गामाटोले बनेको क्षेत्र पर्यावरणीय दृष्टिले अत्यन्त संवेदनशील मानिन्छ। चुरेको फेदीमा नदीले बगाएर ल्याएका ढुङ्गा, गिट्टी, बालुवा र गेग्रानले बनेको भावरको समथर भू–भाग छ। यसले दक्षिणी समथर तराईका लागि पानी सञ्चित गरी भूमिगत जल भण्डारणमा महत्त्वपूर्ण भूमिका खेल्छ। नेपालको चुरे क्षेत्रले जम्मा जङ्गलको ७३ प्रतिशत भू–भाग ओगटेको छ।


करीब चार करोड वर्ष पहिले हिमालयको उत्पत्तिको क्रममा नदीजन्य पदार्थहरू थुप्रिएर बनेको सबैभन्दा कान्छो र कमजोर पहाड शृङ्खला नै चुरे हो। अधिकांश ठाउँमा तराईको भूभाग सकिएर माथि उठेको भूभाग तथा महाभारत क्षेत्रको भूभागबाट ओर्लिंदा भेटिने अन्तिम पहाडका रूपमा चुरेलाई लिइन्छ। सबैभन्दा कान्छो पहाडको रूपमा परिचित चुरेको भू–बनावट निकै कमजोर छ। पछिल्लो समय चुरे दोहनका कारण त्यस क्षेत्रमा हुने आर्थिक सामाजिक, भौगोलिक, प्राकृतिक तथा मानवीय क्षतिको विषयमा सरोकारवालाहरू गम्भीर बनेका छन्।

विज्ञका अनुसार चुरे विनाश थालिएको ६० वर्ष भयो। विसं २०११ सालको विनाशकारी बाढी–पहिरोपछि पहाडका मानिस चुरे आसपासमा झरेर बसोवास गर्न थालेको र त्यसपछि चुरे क्षेत्रको वन विनाश हुन थालेको समितिको भनाइ छ। २०१३ सालमा अमेरिकी सहयोग नियोगको सहयोगमा नेपालमा औलो उन्मूलन अभियान शुरू भयो। त्यसपछि पहाडबाट तराई झर्ने क्रम तीव्र भयो। त्यसको प्रत्यक्ष असर चुरे पर्वत शृङ्खलामा पर्न गएको देखिन्छ। विसं २०१८ पछि राजा महेन्द्रले नेपाली काङ्ग्रेसले शुरू गरेको प्रजातन्त्र पुनर्बहाली आन्दोलन कमजोर पार्न पहाडका भूतपूर्व सैनिकलाई तराईको वनजङ्गल फडानी गरी पूर्वका उदयपुर, झापा, मोरङ र सुनसरीका 'झोरा' मा बसोवास गराउन थालेका थिए। वीरेन्द्र राजा भएपछि मात्र यो क्रम रोकिएको हो।

चुरे विनाशका कारण चुरे क्षेत्रको अस्तित्व नै समाप्त हुने खतरा बढ्न थालेपछि नेपाल सरकार, अन्य सरोकोरवाला निकायहरू 'चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई' भन्ने नाराका साथ चुरे संरक्षणमा लागिपरेका छन्। कमजोर र निकै संवेदनशील भौगोलिक क्षेत्रका रूपमा चिनिने चुरे क्षेत्रको विनाशले त्यस क्षेत्रको प्राकृतिक विनाश बढ्दै गइरहेको भन्दै सरोकारवाला निकायहरूले संरक्षणका लागि दबाब दिंदै आएका छन्।

### सरकारले ल्यायो चुरे संरक्षण कार्यक्रम

चुरे क्षेत्रमा भइरहेको वातावरणीय विनाश र त्यस क्षेत्रमा परेको नकारात्मक असर न्यूनीकरण गर्ने उद्देश्यले वन तथा भू–संरक्षण मन्त्रालयको मातहतमा आर्थिक वर्ष २०६७–६८ देखि नै राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालन भयो। यस कार्यक्रमलाई अझै प्राथमिकता दिंदै थप प्रभावकारी बनाउन वातावरण संरक्षण क्षेत्र घोषणा गर्दै २०७२ असार २ गतेदेखि राष्ट्रपति चुरे–तराई–मधेस संरक्षण विकास समिति गठन भएको हो। समिति गठन भएसँगै चुरे संरक्षणको कार्यक्रमको प्रभावकारिता तथा प्रचारप्रसार बढ्न थालेको छ। सर्वसाधारणमा पनि चुरे संरक्षण हुनुपर्छ भन्ने मानसिकता विकसित हुन थालेको छ। चुरे संरक्षणलाई प्रभावकारी बनाउँदै चुरेलाई पुरानै अवस्थामा फर्काउन चुरे संरक्षणका भावी र दिगो योजनासहित सरकारले चुरे क्षेत्रको २० वर्षे गुरुयोजना समेत तयार गरेको हो। देशको ५१ प्रतिशत जनसङ्ख्या रहेको चुरे क्षेत्रको दिगो विकास तथा संरक्षणका कार्यक्रम चुरे संरक्षणका लागि अपरिहार्य रहेको बताउँछन्, चुरेविद् विनोद भट्ट। चुरे गुरुयोजनाले तोके अनुसारको लक्ष्य प्राप्ति नभएको भन्दै उनले चुरे क्षेत्रको संरक्षणमा सबै तहको समन्वयकारी भूमिका आवश्यक रहेको बताए।




**यातायातका साधन घोडाः** जाजरकोटको नलगाड नगरपालिका-१२ तल्लुबजारबाट डोल्पाको सदरमुकाम दुनै घोडामा सामान लगिँदै । तस्बिरः हेमन्त केसी⁄रासस

## फरक समाचार

### ब्लड सुगर नियन्त्रण गर्न कति पानी पिउने ?

मधुमेहको उपचार र व्यवस्थापनबारे कुरा गर्दा हामी आहार, व्यायाम, निद्रा, औषधि र चिकित्सकबाट फ्लोअपजस्ता धेरै महत्त्वपूर्ण कुराहरू छलफल



गर्छौं। तर पानी पिउने र तरल पदार्थको सन्तुलन कायम राख्ने कुरा गर्न बिर्सन्छौं। हलुका निर्जलीकरणले पनि रक्त शर्करामा उल्लेखनीय वृद्धि हुन सक्छ, जसले समयको साथ शरीरलाई हानि पुऱ्याउँछ।

वास्तवमा मधुमेहबाट पीडित व्यक्तिहरूको लागि मात्र पिउने पानी पर्याप्त नहुन सक्छ। इलेक्ट्रोलाइट युक्त तरल पदार्थ र ग्लुकोजको उचित मात्रा पनि उपभोग गर्नुपर्छ जसले गर्दा शरीरले यसलाई सजिलै अवशोषित गर्न सकोस्।

शरीरमा पानीको कमी हुँदा रगतमा चिनीको मात्रा बढ्छ। त्यसपछि मिर्गौलाले रगत फिल्टर गर्न थप पिसाब उत्पादन गर्न कडा मेहनत गर्छ। अनियन्त्रित मधुमेहले अत्यधिक पिसाब, तिर्खा र निर्जलीकरण बढाउँछ। यसले डायबिटिज केटोएसिडोसिसको कारण बन्न सक्छ। यो एउटा अवस्था हो जहाँ शरीरले पर्याप्त इन्सुलिन उत्पादन गर्दैन, रगतमा चिनीलाई कोशिकाहरूमा ऊर्जाको रूपमा प्रयोग गर्नबाट रोक्छ।

यस्तो अवस्थामा कलेजोले इन्धनको लागि बोसो तोड्छ, जसबाट एसिड निर्माण हुन्छ, जसले गर्दा व्यक्ति कोमामा पुग्न सक्छ। वास्तवमा डायबिटिज केटोएसिडोसिस र कोमाका बिरामीहरूलाई दिइने पहिलो उपचार भनेको उनीहरूको शरीरमा द्रुतरूपमा तरल पदार्थ पुऱ्याउनु हो। हाइड्रेटेड हुँदा मात्र इन्सुलिन दिइन्छ।


**मधुमेहमा डिहाइड्रेशनको लक्षणः**

सबैभन्दा सामान्य लक्षण अत्यधिक तिर्खा लाग्नु र मुख सुख्खा हुनु हो। गम्भीर अवस्थामा छालाले आफ्नो लचक गुमाउँछ। यससँगै टाउको दुख्ने, आँखा सुख्खा हुने, छाला सुख्खा हुने, गाढा पहेंलो पिसाब हुने, चक्कर लाग्ने, सामान्य कमजोरी र थकानजस्ता लक्षणहरू पनि पर्छन्। कहिलेकाहीं शरीर सङ्कटमा जाँदासम्म निर्जलीकरणका लक्षणहरू स्पष्ट हुँदैनन्। त्यसपछि पल्स छिटो र कमजोर हुन्छ र यसले भ्रम र सुस्ती पनि निम्त्याउन सक्छ।

हालै एसजिएलटि २ अवरोधकजस्ता औषधिको प्रयोगबाट पिसाबको माध्यमबाट ग्लुकोज उत्सर्जन गराउने प्रयोग भएको छ। यसैले यस्ता औषधिको सेवन गर्ने व्यक्तिलाई हाइड्रेट रहन पानीको सेवन कमसेकम आधादेखि एक लिटर प्रतिदिन बढाउन आवश्यक छ।

### धोकेबाज पत्ता लगाउन महिला माहिर हुन्छन्

प्रायः भनिन्छ महिलाको छैठौं इन्द्रिय धेरै बलियो हुन्छ। यदि उसले चाहन्छ



भने कसैको नियत एकैपटक हेरेर पत्ता लगाउन सक्छ। अब एकजना अनुसन्धानकर्ताले यस विषयमा वैज्ञानिक आधार दिएको दाबी गरेका छन्।

पर्थमा वेस्टर्न अस्ट्रेलिया विश्वविद्यालयको एआरसी सेन्टर अफ एक्सिलेन्स इन कोग्निशन एन्ड इट्स डिसअर्डर्सका अनुसन्धानकर्ताहरूको टोलीका अनुसार महिलाहरूले पुरुषको अनुहारको केही खास लक्षण हेरेर विवाहपछि पनि कुनै सम्बन्ध छ भन्ने कुराको अनुमान लगाउन सक्छन्।

बायोलोजी लेटर्स जर्नलमा प्रकाशित यो अनुसन्धान डा. गिलियन रोड्सले आफ्नो टोलीसँग गरेका हुन्। अनुसन्धानमा संलग्न महिलाहरूलाई पुरुषका तस्बिरहरू देखाइयो र विवाहपछि पनि पुरुषको अफेयर भएको सम्भावनाबारे सोधिएको थियो। यी तस्वीरहरूमा समावेश पुरुषहरूबारे महिलाहरूलाई अग्रिम कुनै जानकारी दिइएको थिएन।

अनुसन्धानको नतीजा निकै रोचक थियो। महिलाको अनुमानलाई विश्लेषण गर्दा उनीहरूले जुन पुरुषलाई धोकेबाज बताए, ती विवाहपछि पनि अफेयरमा थिए। तर अनुसन्धानकर्ताहरूले यी नतीजा प्रारम्भिक भएको र थप अनुसन्धान आवश्यक रहेको बताएका छन्।

महिलाले मात्र तस्बिर हेरेर पुरुषको व्यवहार अनुमान लगाएका थिए। अनुसन्धानकर्ताहरूले पुरुषको अनुहारको कुन खास विशेषता देखेर महिलाले यस्तो गर्छन् भन्ने बताएनन्। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## चीनसँग अस्ट्रेलियाको व्यापारिक सम्बन्ध अझ प्रगाढ बनाइँदै

तस्वीरः एजेन्सी



सिड्नी, २ असार/एएफपी

चीनका प्रधानमन्त्री ली कियाङले अस्ट्रेलियासँग रहेको तनावपूर्ण व्यापारिक सम्बन्ध थप सुदृढ बनाउन दुवै मुलुक लागिपरेको बताएका छन् ।

चीन–अस्ट्रेलियाबीच देखिएको व्यापार तनावपछि पछिल्लो सात वर्षमा अस्ट्रेलियाको भ्रमण गर्ने ली उच्चपदस्थ चिनियाँ अधिकारी हुन् ।

लीको चार दिने भ्रमणले प्रमुख अस्ट्रेलियाली निर्यातको शृङ्खलाविरुद्ध लगाइएका दण्डात्मक उपायहरू हटाउने र यसले चीन–अस्ट्रेलिया व्यापार वृद्धिको सम्भावना बढाउने बेइजिङले विश्वास लिएको छ। चीन अस्ट्रेलियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार हो । उसले गत वर्ष प्रमुख वस्तुहरू फलाम, कोइला र खनिज पदार्थसहित आफ्नो निर्यातको लगभग ३० प्रतिशत हिस्सा ओगटेको थियो। सन् २०२३ मा दुईतर्फी व्यापार ३२७ अर्ब अस्ट्रेलियन डलर (२१६ अर्ब डलर) पुगेको थियो ।

सन् २०२० मा अतिराष्ट्रवादी चिनियाँ सरकारसँग परेको कूटनीतिक दरारका कारण चिनियाँ प्रतिबन्धका कारण कोइला, काठ, जौ, गाईको मासुका साथै वाइनको निर्यातमा समस्या भएको थियो।

ती प्रतिबन्धहरूले अस्ट्रेलियाली निर्यातकर्ताहरूलाई एक वर्षमा अनुमानित २० अर्ब अस्ट्रेलियाली डलर (१३ अर्ब अमेरिकी डलर) घाटा लागेको थियो ।

सन् २०२२ मा प्रधानमन्त्री एन्थोनी अल्बानेजको सरकारले सत्ता सम्हालेपछि र चीनप्रति नरम कूटनीतिक दृष्टिकोण राखेपछि क्रमशः ती वस्तुमा लगाइएको अतिरिक्त शुल्क हटाइएको छ ।

ली र अल्बानीजले सोमवार क्यानबेरामा बन्द कोठामा विदेशी प्रभाव, मानव अधिकार, यस क्षेत्रमा चिनियाँ सेनाको कथित 'असुरक्षित' व्यवहार र प्रशान्त क्षेत्रमा उनीहरूको प्रतिद्वन्द्विताका विषयमा वार्ता गर्नेछन् । रासस

## 'रणनीतिक विराम' गर्ने इजरायली सेनाको घोषणा

जेरुसेलम, २ असार/एएफपी

इजरायली सेनाले आइतवार दक्षिणी गाजापट्टीमा दिनको समयमा दैनिक सैन्य गतिविधिको 'रणनीतिक विराम' लागू गर्ने घोषणा गरेको छ ।

"केरम सालोम सीमा पार गर्ने सालाह अल–दिन रोड र त्यसपछि उत्तरतर्फ जाने सडकमा अर्को सूचना नआएसम्म मानवीय सहायता पुऱ्याउने उद्देश्यले हरेक दिन बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म सैन्य गतिविधिको रणनीतिक विराम हुनेछ"–सेनाले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ ।

संयुक्त राष्ट्रसङ्घ र अन्य संस्थाहरूसँग भएको छलफलपछि गाजापट्टी प्रवेश गर्ने मानवीय सहायताको मात्रा बढाउने प्रयासको एउटा हिस्साको रूपमा यो निर्णय गरिएको हो ।

इजरायलले लामो समयदेखि केरेम शालोम सीमामार्फत सहायता वितरण सहज बनाउने प्रयासमा हस्तक्षेप गर्दै आएको छ तर मानव अधिकार समूहहरूले महीनौंसम्म घेराबन्दी गरिएको प्यालेस्टिनी क्षेत्रमा खाना र अन्य आवश्यक वस्तुको अभावबारे चेतावनी दिएका हुन् ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार गाजामा पाँच वर्षमुनिका आठ हजारभन्दा बढी बालबालिकाको तीव्र कुपोषणको उपचार गरिएको छ ।

अन्तर्राष्ट्रिय मध्यस्थकर्ताहरूले इजरायल र हमासलाई अमेरिकी राष्ट्रपति जो बाइडेनको बन्धक–कैदी आदानप्रदान र सहायता वितरण युद्धविराम सम्झौता प्रस्तावमा सहमत हुन दबाब दिइरहेका छन् ।

"गाजापट्टीभित्र अराजक सक्रिय द्वन्द्वका कारण मानिसहरूको बढ्दो माग पूरा गर्ने स्तरको सहायता प्रदान गर्न असम्भव हुँदै गइरहेको छ"–विश्व खाद्य कार्यक्रमका उपकार्यकारी निर्देशक कार्ल स्काउले भने । रासस

## रूसका दुई जेल कर्मचारी आइएस कैदीको बन्धकमा

मस्को, २ असार/एएफपी

दक्षिणी रूसको रोस्तोभको जेलमा इस्लामिक स्टेट (आइएस)का कैदीहरूले जेलका दुईजना कर्मचारीलाई बन्धक बनाएको रोस्तोभ जेलले आइतवार घोषणा गरेको छ ।

"रोस्तोभ क्षेत्रको हिरासत केन्द्र नम्बर एकमा कैदीहरूले दुईजना जेल कर्मचारीलाई बन्धक बनाएका छन् । बन्धकहरूको रिहाइका लागि वार्ता भइरहेको छ"–उनीहरूले एक विज्ञप्तिमार्फत जानकारी गराए ।

राज्य समाचार एजेन्सी तासका अनुसार बन्धक बनाउनेहरू आतङ्कवादको आरोपमा अदालतमा उपस्थित बाँकी आइएसका सदस्यमध्येका हुन् ।

जिहादी सङ्गठनले रूस लक्षित थुप्रै आक्रमण गरेको छ ।

२२ मार्चमा मस्को नजीकैको कन्सर्ट हलमा बन्दूकधारीहरूले गोली चलाउँदा कम्तिमा १४४ जनाको मृत्यु र सयौंभन्दा बढी घाइते भएका थिए। यो आक्रमण दुई दशकमा रूसी भूमिमा भएको सबैभन्दा घातक आक्रमण थियो ।

आइएसले आक्रमणको जिम्मेवारी लिएको थियो। त्यसपछि पूर्व सोभियत गणतन्त्र ताजिकिस्तानका चार संदिग्ध आक्रमणकारीसहित २० जनाभन्दा बढीलाई पक्राउ गरिएको हो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – कडाश्रम |
| मिथुन – ज्ञानोदय | कर्कट – भयचिन्ता |
| सिंह – विजय | कन्या – धनलाभ |
| तुला – भाग्योदय | वृश्चिक – खर्चवृद्धि |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – प्रगति | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**पोखरीमा ब्रतालुहरूको घुइँचोः** जनकपुरधाम उपमहानगरपालिका–८ मा रहेको दशरथ 'तलाव' पोखरीमा गङ्गा दशहरा पर्वको अवसर पारी नुहाउने ब्रतालुहरूको घुइँचो । तस्बिर : चन्दन ठाकुर/रासस

## क्याम्पस प्रमुखको हत्या घटनाबारे छानबीन गर्न माग

काठमाडौं, २ असार/रासस

प्रतिनिधिसभाको आइतवारको बैठकमा बारा, कैलयास्थित रामराजा मोहनविक्रम शाह बहुमुखी क्याम्पसका प्रमुख हरिभूषण कुशवाहालाई गोली हानी हत्या गरिएको घटनाको छानबीन गर्न माग गरिएको छ।



बैठकको आकस्मिक समयमा नेपाल कम्युनिस्ट पार्टी (एमाले)का सांसद अच्युतप्रसाद मैनालीले एकपछि अर्को यस्ता व्यक्ति हत्या भएको भन्दै क्याम्पस प्रमुख कुशवाहाको गोली प्रहार गरी निर्ममतापूर्वक हत्या गरिएको घटनाको घोर भर्त्सना गरे। कुशवाहा एक प्राज्ञिक र सरल व्यक्ति भएको उनले बताए ।

बारामा गत असोजमा कलैया चोकमा बाल एकता बोर्डिङ स्कूलका प्रिन्सिपल रूपेश सर्राफ र गत भदौमा बाराकै पचरौता नगरपालिकामा भारतीय नागरिकलाई नेपालमा ल्याएर गोली हानी हत्या गरिएको घटना उल्लेख गर्दै सांसद मैनालीले नागरिकको सुरक्षाप्रति संवेदनशील बन्न सरकारसँग माग गरे ।

"हत्या–शृङ्खला बढ्दै गएको छ । खुला सीमा तथा हातहतियारको ओसारपसारका कारण सीमा क्षेत्रका बासिन्दा असुरक्षित र त्रसित छन्"–उनले भने–"मधेसमा एक दशक अघि राजनीतिक आवरणमा हत्या र हिंसाको शृङ्खला शुरू भएको थियो । धेरै नागरिक विस्थापित भएका थिए। त्यो पीडा बिर्सेर मधेस सङ्लिँदै गइरहेको अवस्थामा फेरि हत्या शृङ्खला बढेको छ । यसलाई अविलम्ब नियन्त्रण गरी अपराधीलाई कानूनी दायरामा ल्याउन माग गर्दछु ।"

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अशोककुमार चौधरीले पनि क्याम्पस प्रमुख कुशवाहको गोली प्रहार गरी हत्या भएको घटनाको अनुसन्धान गर्न सरकारको ध्यानाकर्षण गराए ।

"शिक्षण सेवामा लागेका 'गुरुहरूको दिनदहाडै गोली प्रहार गरी हत्या हुनु दुर्भाग्य हो। मधेस प्रदेशमा गत साता मात्रै चारजनाको गोली हानी हत्या भएको छ। जघन्य अपराधका घटनाको छानबीन गरी कारबाईको दायरामा ल्याउन सरकारको ध्यानाकर्षण गराउँछु"–उनले भने ।

## आठ दिनदेखि बेपत्ता महिलाको शव फेला

धनुषा, २ असार/रासस

यहाँको महेन्द्रनगरबाट आठ दिनदेखि बेपत्ता एक महिलाको शव फेला परेको छ । क्षीरेश्वरनाथ नगरपालिका–५, महेन्द्रनगरकी २८ वर्षीया रूबी यादवको शव सडेगलेको अवस्थामा शनिवार भेटिएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय, महेन्द्रनगरका इन्चार्ज प्रहरी निरीक्षक सोनुकुमार साहले मिथिला नगरपालिका–५ स्थित औरही सामुदायिक वनमा ती महिलाको शव भेटिएको बताए। रूबीका पति राजनारायण यादव केही महीनाअघि वैदेशिक रोजगारबाट फर्केका थिए । स्वदेश फर्किएपछि यादवसँग निरन्तर झगडा हुँदै आएको थियो ।

गत शनिवारदेखि हराइरहेकी रूबीको खोजी गर्न उनका भाइ अनितले इलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा उजूरी दिएका थिए। रूबी बेपत्ता भएको उजूरी परेपछि सम्भावित स्थानमा खोजतलाश गर्दा शनिवार राति मिथिला नगरपालिका–५ स्थित औरही सामुदायिक वनमा शव फेला परेको प्रहरी निरीक्षक साहले बताए ।

प्रहरीका अनुसार रूबी बेपत्ता भएको उजूरी पर्ने बित्तिकै रूबीका पति राजनारायण यादवलाई प्रहरीले नियन्त्रणमा लिएका थियो । उनले पत्नीको हत्या गरेको स्वीकार गरेका छन् । प्रहरी निरीक्षक साहका अनुसार राजनारायणले गत शनिवार घुम्न जाने भनेर औरही सामुदायिक वनमा पत्नीलाई लिएर गएको र त्यहीं हत्या गरेर जङ्गलमा लाश फालेको बयान दिएका छन् ।

प्रहरीले शवपरीक्षणका लागि प्रादेशिक अस्पताल पठाइएको जनाएको छ । घटनाबारे थप अनुसन्धान गर्दै अभियुक्तलाई ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा चलाउने तयारी भइरहेको प्रहरी निरीक्षक साहले जानकारी दिए ।

### चुरे संरक्षण ...

अत्यन्त संवेदनशील, जैविक विविधता र संस्कृतिमा धनी, दुलर्भ वन्यजन्तुहरूको बासस्थान र जैविक मार्ग भएको बताउँदै प्रधानमन्त्रीले प्रचण्डले चुरे पर्वतीय प्रणालीले नै पहाड, दुन, भावर तथा तराई–मधेसको सम्बन्ध एकापसमा अन्योन्याश्रितरूपले गाँसेको उल्लेख गरे।

"चुरे पर्वतीय प्रणाली तराई–मधेसको पानीको स्रोत हो, चुरे क्षेत्रमा भएका प्राकृतिक सम्पदाहरू यसको तल्लो तटीय क्षेत्र अर्थात् मधेसमा बस्ने जनसमुदायका लागि जीवनरेखा हुन्," प्रधानमन्त्रीले भने, "आज जानेर वा अनजानमा चुरे संरक्षण क्षेत्रमा रहेका प्राकृतिक सम्पदा मानवीय अतिक्रमणको दुष्चक्रमा परेका छन् । विस्तृत आयोजना प्रतिवेदन, इन्जिनीयरिङ डिजाइन र वातावरणीय प्रभाव अध्ययनविना गरिने भौतिक पूर्वाधार विकासले चुरे पहाड शृङ्खला कमजोर भएको छ ।"

ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन र उत्खननले चुरे क्षेत्रको दोहन बढेको बताउँदै प्रधानमन्त्री प्रचण्डले नदी प्रणालीको वातावरणीय अखण्डतामा गम्भीर सङ्कट पैदा गरेको उल्लेख गरे । उनले चुरे क्षेत्रमा बढ्दो जनसङ्ख्या, अव्यवस्थित बसोबास, वन अतिक्रमण, वन डढेलो, खुला चरिचरण र नदीजन्य पदार्थको दोहन, अव्यवस्थित भौतिक पूर्वाधार निर्माण, भूक्षयजस्ता कारण यसको संरक्षण दिन प्रतिदिन चुनौतीपूर्ण बन्दै गएको बताए ।

"प्रकृति स्वच्छ भएमात्र हाम्रो जीवन सुरक्षित हुन्छ र प्रकृतिलाई हामीले संरक्षण गर्‍यौं भने मात्र प्रकृतिले हामीलाई संरक्षण गर्छ," प्रधानमन्त्री प्रचण्डले भने, "तसर्थ तराई–मधेसका जनतालाई विपद्बाट बचाउन चुरे क्षेत्रमा रहेका वन, वनस्पति, वन्यजन्तु र पारिस्थितिकीय प्रणालीलाई उनीहरूको प्राकृतिक प्रक्रिया अनुसार स्वच्छ र स्वतन्त्ररूपमा बाँच्न दिनुपर्छ ।"

तीनै तहका सरकार र राज्यका सम्पूर्ण निकायले भावी पुस्ताको बाँच्न पाउने अधिकारको ख्याल गर्दै व्यवस्थित भौतिक विकासको अवधारणाअनुरूप वातावरणीय अध्ययन गरेर मात्र ढुङ्गा, गिट्टी र बालुवाको सङ्कलन तथा उत्खनन गर्न उनले आग्रह गरे ।

# न्यायिक समितिका पदाधिकारीको लागि तालीम



प्रस, परवानीपुर, २ असार/

बाराको परवानीपुर गाउँपालिकाको आयोजनामा न्यायिक समितिका पदाधिकारीहरूको तालीम सम्पन्न भएको छ।

परवानीपुरस्थित सेमिनार भवनमा आयोजित तालीममा न्यायिक समितिका पदाधिकारीहरूलाई कार्यक्रमका प्रमुख अतिथि गापा अध्यक्ष रामक्षत्री कुर्मीले स्थानीयस्तरबाट उठेका समस्याहरूलाई स्थानीयस्तरमैं निरुपण गर्न स्थानीय तह सञ्चालन २०७४ अन्तर्गत न्यायिक समितिको व्यवस्था भएको तर कतिपय स्थानीय तहमा सो कुरा व्यवहारमा लागू नभएकाले प्रभावकारी किसिमले लागू गराउन तालीमको आवश्यकता महसूस गरिएकोले तालीम आयोजना भएको बताए।

तालीममा सिकेका सीपहरूलाई पदाधिकारीहरूले व्यवहारमा लागू गर्दै न्यायिक समितिमा पर्ने उजूरीहरूलाई स्थानीयस्तरबाट मेलमिलाप गर्ने अथवा टुङ्गो लगाउने किसिमले मदत गर्नुपर्ने उनको तर्क थियो।

गापा उपाध्यक्ष सुगन्धीदेवीको अध्यक्षतामा भएको कार्यक्रममा गापाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहता, वडाध्यक्ष, वडासदस्यलगायतको सहभागिता थियो। तालीमको संयोजन आमा फाउन्डेशन वीरगंजले गरेको थियो।

आठ दिने तालीममा दैनिक छ घण्टाले तालीम सञ्चालन हुनेछ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


## बालबालिकाप्रति असल व्यवहार गरौं

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरूको कुरा ध्यान दिएर सुनौं,
- उनीहरूको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरूलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका वारेमा जानकार बनौं,
- उनीहरूको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## नेखान्युकको अध्यक्षमा यादव

प्रस, वीरगंज, २ असार/

नेपाल खाद्य न्युट्रास्युटिकल तथा कस्मास्युटिकल सङ्घ मधेस प्रदेशको अध्यक्षमा शिवजी यादव चयन भएका छन्। शनिवार सङ्घको साधारणसभाबाट अध्यक्षलगायत पदाधिकारीहरू निर्विरोध चयन भएका हुन्।

सङ्घको वरिष्ठ उपाध्यक्ष किशोरीप्रसाद साह, उपाध्यक्ष धर्मेन्द्र रजक, महासचिव रामअयोध्या यादव, सचिव आशिष श्रीवास्तव, कोषाध्यक्ष धीरेन्द्रप्रसाद यादव, सहकोषाध्यक्ष भुपेन्द्र विक्रम शाह र सदस्यहरूमा रामबाबू यादव, अञ्जनीकुमार साह, अमरेशकुमार गुप्ता, रामायण पण्डित, प्रमोदकुमार साह रहेका छन्।

### वीरगंज महानगर ...

सफाइहरू आफू मातहतमा राखे पनि वडास्तरको सफाइ महानगरले वडाको जिम्मा लगाउनुपर्ने वडाध्यक्षहरूको माग छ। वडाध्यक्षहरू र शाखा प्रमुखहरूको बैठकमा वडामा खर्च हुँदै आएको १९ करोड बजेटलाई खुम्च्याएर १२ करोडमा झार्नुपर्ने माग राखिएको छ। महानगरका विभिन्न शाखाबाट चालू आवका लागि १९ करोड रकम विनियोजन गरिएकोमा वडाध्यक्षहरूले आपत्ति जनाउँदै आगामी आवमा सो रकम १२ करोडमा झार्नुपर्ने सुझाव दिएका छन्।

# खेलकूदको संसार

## विश्वकप क्रिकेटः समूह 'बी'बाट अस्ट्रेलिया र इङ्ल्यान्ड सुपर आठमा

काठमाडौं, २ असार/रासस

आइसिसी टी–२० विश्वकप क्रिकेट–२०२४ अन्तर्गत समूह 'बी'बाट अस्ट्रेलिया र इङ्ल्यान्ड विश्वकपको सुपर आठमा प्रवेश गरेका छन्।




सेन्ट लुसियास्थित डारने शामी राष्ट्रिय क्रिकेट मैदानमा सम्पन्न खेलमा अस्ट्रेलियाले स्कटल्यान्डलाई पाँच विकेटले पराजित गरेसँगै अस्ट्रेलिया र इङ्ल्यान्ड विश्वकपको सुपर आठमा पुगेका हुन्। चार खेलमा आठ अङ्कका साथ शीर्ष स्थानमा रहँदै अस्ट्रेलिया सुपर आठमा पुगेको हो भने समान खेल खेलेको इङ्ल्यान्ड पाँच अङ्कका साथ दोस्रो स्थानमा रहँदै सुपर आठमा पुग्न सफल भएको हो।

समान पाँच अङ्क बटुलेको स्कटल्यान्ड नेट रनरेटका आधारमा तेस्रो स्थानमा रहेपछि सुपर आठमा पुग्न असफल भयो। सोही समूहमा रहेका स्कटल्यान्डसहित नामिबिया र ओमन भने विश्वकपबाट बाहिरिएका छन्।

आजको खेलमा स्कटल्यान्डले प्रस्तुत गरेको १८१ रनको लक्ष्य अस्ट्रेलियाले १९ दशमलव चार ओभरमा पाँच विकेटको क्षतिमा पूरा गऱ्यो। उसका लागि ट्राभिस हेडले सर्वाधिक ६८ रनको योगदान दिए। उनले ४९ बलमा पाँच चौका र चार छक्काको सहायताले ६८ रनको योगदान गरेका थिए।

मार्कस स्टोइनिसले २९ बलमा नौ चौका र दुई छक्काको मदतमा ५९ रन बनाए भने टीम डेविडले अविजित २४ रन जोडे। ग्लेन म्याक्सवेलले ११ रन बनाए। स्कटल्यान्डका लागि मार्क वाट र स्याफन शरीफले समान दुई/दुई विकेट लिए भने ब्राड ह्विलले एक विकेट झारे।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको स्कटल्यान्डले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १८० रनको योगफल बनाएको थियो। स्कटल्यान्डका लागि ब्रान्डन म्याकलमले सर्वाधिक ६० रनको योगदान दिए। उनले ३४ बलमा छ छक्का र दुई चौकाको मदतले सर्वाधिक ६० रनको योगदान गरेका थिए। कप्तान रिची बेरिङ्टनले ४२, ओपनर जर्ज मुन्सीले ३५ तथा म्याथु क्रसले १८ रन बनाए।

अस्ट्रेलियाका लागि ग्लेन म्याक्सवेलले दुई विकेट लिंदा एडम जाम्पा, एस्टन अगर र नाथन एलिसले समान एक/एक विकेट लिए।

## विश्वकप क्रिकेटः नेपालले बङ्गलादेशसँग खेल्ने

काठमाडौं, २ असार/रासस

आइसिसी विश्वकप क्रिकेट २०२४ अन्तर्गत समूह 'डी'को आफ्नो अन्तिम खेलमा नेपालले भोलि बङ्गलादेशको सामना गर्दैछ।

वेस्ट इन्डिजको सेन्ट भिसेन्टस्थित अरनोस भाले रङ्गशालामा हुने उक्त खेल नेपाली समय अनुसार बिहान ५:१५ बजेदेखि शुरू हुनेछ। अन्तिम आठमा स्थान बनाउने प्रतिस्पर्धाबाट बाहिरिसकेको नेपालका लागि उक्त खेल प्रतिष्ठाका लागि मात्र हुनेछ। तर बङ्गलादेशका लागि भने निकै महत्त्वपूर्ण मानिएको छ।

समूह 'डी'बाट दक्षिण अफ्रिका आठ अङ्कका साथ शीर्ष स्थानमा रहँदै विश्वकपको दोस्रो चरणमा प्रवेश गरिसकेको छ। अब समूह 'डी'बाट सुपर आठमा पुग्ने दोस्रो टोलीको टुङ्गो लाग्न बाँकी छ। नेपाललाई पराजित गरेमा बङ्गलादेश समूहको दोस्रो स्थानमा रहँदै अन्तिम आठमा प्रवेश गर्नेछ। अङ्कतालिकामा बङ्गलादेशको चार अङ्क छ।

विश्वकपमा एक अङ्क बटुलेको श्रीलङ्का भने प्रतियोगिताबाट बाहिरिसकेको छ। नेदरल्यान्ड्सको सम्भावना भने कायमै छ। नेदरल्यान्ड्स दुई अङ्कका साथ अङ्कतालिकाको तेस्रो स्थानमा छ। नेदरल्यान्ड्स र श्रीलङ्काबीचको खेल पनि भोलि नै हुनेछ।

भोलिको खेलमा नेपाललाई बङ्गलादेशविरुद्ध १० वर्ष अघि भोगेको हारको बदला लिने सुनौलो अवसर छ। नेपालले सन् २०१४ मा पहिलोपटक विश्वकपमा सहभागिता जनाउँदा बङ्गलादेशसँग पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको थियो।

विश्वकपमा नेपालले यसअघि खेलेको तीन खेलमा दुई खेलमा हार तथा एक खेल बराबरी खेलेको थियो। नेपाल पहिलो खेलमा नेदरल्यान्ड्ससँग पराजित भएको थियो। श्रीलङ्काविरुद्धको दोस्रो खेल वर्षाका कारण रद्द भएपछि दुवै टोलीले समान एक/एक अङ्क बाँडेका थिए। त्यस्तै, दक्षिण अफ्रिकाविरुद्धको तेस्रो खेलमा नेपाल एक रनले पराजित भएको थिथो।

## तेक्वान्डोमा नेपालका इरफानले स्वर्ण जिते

प्रस, वीरगंज, २ असार/



बङ्गलादेशमा सम्पन्न प्रथम बङ्गलादेश कप अन्तर्राष्ट्रिय आमन्त्रण तेक्वान्डो प्रतियोगिता–२०२४ मा नेपालका तर्फबाट सहभागी पर्सा तेक्वान्डो एकेडेमीका शेख इरफानले स्वर्णपदक जितेका छन्।

बङ्गलादेशको राजधानी ढाकामा जून ११–१४ सम्म भएको प्रथम बङ्गलादेश कप आमन्त्रण अन्तर्राष्ट्रिय तेक्वान्डो प्रतियोगिता–२०२४ मा नेपालका तर्फबाट पर्सा तेक्वान्डो एकेडेमीका शेख इरफानले स्वर्णपदक जितेको पर्सा तेक्वान्डो एकेडेमीका प्रमुख शेख नाजिरले बताए।

प्रतियोगितामा आयोजक बङ्गलादेशका खेलाडीलाई फाइनलमा पराजित गर्दै शेख इरफानले स्वर्णपदक जितेका थिए। प्रतियोगितामा बङ्गलादेश, नेपाल, भारत, श्रीलङ्का र माल्दीप्स गरी सार्कका पाँच देशका खेलाडीहरू सहभागी थिए।

## सूर्य नेपालद्वारा जीराभवानी गापालाई स्वास्थ्य उपकरण सहयोग

प्रस, वीरगंज, २ असार/

सूर्य नेपाल प्रालि सिमरा, बाराले पर्सा जिल्ला जीराभवानीपुर गाउँपालिका–४ स्थित स्वास्थ्य चौकी सुपौलीलाई ११ लाख रुपैयाँ बराबरको स्वास्थ्य उपकरणहरू सहयोग गरेको छ।

स्वास्थ्य चौकीमा आइतवार सूर्य नेपालका कारखाना व्यवस्थापक सुरेशकाजी श्रेष्ठले गापाध्यक्ष अनुज चौधरीलाई स्वास्थ्य उपकरणरू हस्तान्तरण गरेका थिए। सूर्य नेपालले सुपौली स्वास्थ्य चौकीलाई सिबिसी, अटोएनालाइजर मेशीन, फ्रिज र कम्प्युटर सहयोग गरेको सूर्य नेपालका यज्ञबहादुर आलेले बताए।

कार्यक्रममा सूर्य नेपालका कारखाना व्यवस्थापक श्रेष्ठले सूर्य नेपालले सामाजिक उत्तरदायित्व अन्तर्गत जीराभवानी गापावासीलाई स्वास्थ्य परीक्षणमा सहज होस् भनेर स्वास्थ्य उपकरणहरू सहयोग गरेको र आगामी दिनमा यस प्रकारका सहयोगहरू गरिरहने बताए। गापाध्यक्ष



चौधरीले सूर्य नेपालले स्थानीयवासीको स्वास्थ्य सहजताका लागि स्वास्थ्य उपकरणहरू प्रदान गरेर गुण लगाएको बताए। उनले आगामी दिनमा सानोतिनो स्वास्थ्य परीक्षण गापामा सम्भव हुने भएकोले बाहिर जानु नपर्ने बताए।

कार्यक्रममा गापा उपाध्यक्ष रेखा चौधरी, वडाध्यक्ष राजेश्वर दास थारू, सूर्य नेपालका रोशन अधिकारी र स्वास्थ्यकर्मीहरूको सहभागिता थियो।


## २. महिला हिंसा विरुद्ध जुटौं

कुनै पनि बहानामा शारीरिक, मानसिक, यौनजन्य, आर्थिक, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक, सामाजिक एवं राजनीतिकलगायतका हिंसा दण्डनीय छन्।




महिलामाथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रूण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबरजस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउने जस्ता कार्य महिला हिंसा हुन्।

यस्ता घटनाहरू नजीकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाइ, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्छन्। यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं। सभ्य समाज निर्माणमा आआफ्नो स्थानबाट भूमिका निर्वाह गरौं।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,